म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २२५ बिहीबार, १४ चैत २०८१ ने. सं. ११४५ चिल्लागा 27 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## मोटरसाइकल दुर्घटनामा परी वडाध्यक्ष घाइते

हेटौंडा, १३ चैत/पूर्वपश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-६ नयाँबस्ती सडक खण्डमा मोटरसाइकल दुर्घटनामा परी वडाध्यक्ष घाइते भएका छन् । हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना.५ ख २३६५ न. को तोरी लोड बोकेको ट्रक बिग्री साइटमा रोकी राखेको अवस्था मनहरीतर्फबाट सुनाचुरीतर्फ जाँदै गरेको ना १ ब ३०६६ नम्बरको मोटरसाइकल ट्रकको पछाडि ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालक मनहरी गाउँपालिका-६ चौकीटोल बस्ने मनहरी गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष युवराज थपलिया घाइते भएका हुन् । बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाका अनुसार मंलबार भएको दुर्घटनामा परी वडाध्यक्ष थपलियाको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको छ । थपलियालाई उपचारका लागि चितवनस्थित नयाँ मेडिकल कलेज भरतपुर पठाइएको प्रहरीले जनाएको छ । क्रमशः पृष्ठ-४...

# सीमान्तकृत र लोपोन्मुख समुदायको निःशुल्क स्वास्थ्य बीमा

साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती सरकारले प्रदेशमा रहेका सीमान्तकृत र अल्पसंख्यक समुदायका नागरिकको निःशुल्क स्वास्थ्य बीमाको प्रक्रिया अगाडि बढाएको छ ।

प्रदेश सरकारले चालू आर्थिक वर्षमा साढे ११ करोड रुपैयाँभन्दा बढी खर्च गरेर प्रदेशका विभिन्न जिल्लामा बसोबास गर्ने सीमान्तकृत र अल्पसंख्यक समुदायका मानिसको बीमा प्रक्रिया अगाडि बढाएको जनाएको छ । स्वास्थ्य बीमा नभएका कारण औषधिउपचार गर्दा महँगो रकम तिर्नुपर्ने, पैसा अभावकै कारण उपचार पाउन समस्या हुने भएकाले प्रदेश सरकारले प्रदेशमा रहेका लक्षित वर्गलाई तोकेर बीमा गरि दिने भएको हो । प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बीमा बोर्डसँग सम्झौता गरी निःशुल्क स्वास्थ्य बीमाको काम अगाडि बढाएको छ ।

मन्त्रालयले सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपाङ्गता 'ख' वर्गका व्यक्तिको स्वास्थ्य बीमा गर्न स्वास्थ्य बीमा बोर्डलाई आठ करोड १३ लाख रुपैयाँ पेस्कीसमेत प्रदान गरिसकेको छ । प्रदेशमा रहेका लक्षित वर्गको




निःशुल्क स्वास्थ्य बीमाका लागि चालू आर्थिक वर्ष २०८१/८२ मा प्रदेश सरकारले ११ करोड ५७ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेको छ ।

मन्त्रालयका अनुसार लक्षित वर्गमा सीमान्तकृत र लोपोन्मुख जातिमा कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायू, राजी, किसान, साप्चे, मेचे, कुसवाडिया छन् । अति सीमान्तकृत समूहअन्तर्गत चेपाङ, माझी, सियार, ल्होम, सिङ्साबा, बुदान, धानुक, सतार, संताल, झांगड, थामी, बोटे, सुनुवार र बरामु जाति छन् । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले स्वास्थ्य बीमा बोर्ड बागमती प्रदेश कार्यालय भक्तपुरसँग बीमाका लागि पुस दोस्रो साता सम्झौतामा हस्ताक्षर गरेको हो । २०८१ साउन १ गतेदेखि ०८२ असार मसान्तसम्म लागू हुने गरी स्वास्थ्य मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. खगेश्वर गेलाल र स्वास्थ्य बीमा बोर्ड बागमती प्रदेश संयोजक मनोज पौडेलले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार लक्षित समुदायको पहिचान गरी बोर्डका सहजकर्ताले निःशुल्क बीमा गरि दिनेछन् । स्वास्थ्य बीमाको प्रिमियम भुक्तानी गर्न नेपाल सरकार र स्वास्थ्य बीमा बोर्डले तयार गरेको स्वास्थ्य बीमा नियमावली, २०७५ बमोजिम स्वास्थ्य बीमा कार्यक्रममा आबद्धता गराइने उल्लेख छ । बीमा नियमावली, २०७५ अनुसार पाँचजनासम्म सदस्य भएको प्रतिपरिवार तीन हजार पाँच सय र पाँचजनाभन्दा बढी सदस्य भएमा प्रतिसदस्य सात सय रुपैयाँ थप गरी स्वास्थ्य बीमा गरिने उल्लेख छ ।

गत आर्थिक वर्षमा पनि प्रदेश सरकारले प्रदेशभित्र बसोबास गर्ने लक्षित वर्गका लागि निःशुल्क स्वास्थ्य बीमा गरेको थियो । मन्त्रालयले गतवर्ष बीमाका लागि पाँच करोड २५ लाख रुपैयाँ खर्च गरेको थियो । गतवर्ष बीमा कार्यक्रममा सबैलाई समेट्न नसके पनि यसवर्ष कोही नछुट्ने अपेक्षा गरिएको मन्त्रालयका वरिष्ठ स्वास्थ्य प्रशासक डा. गेललाले बताए । यसवर्ष बजेट पनि बढेको र बीमा गर्ने लक्षित वर्गको संख्या पनि दोब्बरले बढ्ने अनुमान गरिएको डा. गेलालको भनाइ छ ।

उनका अनुसार गत आवमा प्रदेशका १३ जिल्लाका १७ हजार ८३१ लक्षित परिवारको स्वास्थ्य बीमाबापतको रकम मन्त्रालयले भुक्तानी गरेको थियो । मन्त्रालयले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नेपाल सरकारबाट ५० प्रतिशत र बागमती प्रदेश सरकारबाट बाँकी ५० प्रतिशत बीमा योगदान र कमसमेत भुक्तानी गरिदिने भएको छ । गत आर्थिक वर्षमा प्रदेशले चार जिल्लाका ६३७ परिवारको बीमा गरेको थियो । मकवानपुरका ६११, भक्तपुरका चार, ललितपुरका पाँच र चितवनका १७ परिवारको बीमा गरिएको हो ।

# दोहोरो सुविधामा प्रदेश प्रमुख र मुख्यमन्त्रीविरुद्ध सर्वोच्चमा रिट




साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/दोहोरो सुविधा लिएको भन्दै सातवटै प्रदेशका मुख्यमन्त्री र प्रदेश प्रमुखविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ ।

आफ्नो कार्यक्षेत्रमा खटिएका मुख्यमन्त्री र प्रदेशप्रमुखले काठमाडौंमा पनि सुविधा लिएको भन्दै त्यसलाई रोक लगाउनुपर्ने माग सहित सर्वोच्च अदालतमा अधिवक्ता चन्द्रप्रकाश भुषालले रिट निवेदन दर्ता गरेका हुन् । ललितपुर महानगर पालिका-१८ र २५, भैंसेपाटीस्थित २७ रोपनी १२ आनाभन्दा बढी क्षेत्रफलमा अत्यधिक विलाशी आवास निर्माण गरिएको छ । जसका लागि ८५ करोडभन्दा बढी खर्च भएको छ । यसमा ७ भवनका १४ ब्लक छन्, जसमा प्रदेशप्रमुख तथा मुख्यमन्त्रीहरुका निवास छन् । आवासमा कार्यकक्ष, सहयोगी तथा सचिवालयका लागि छुट्टै कोठा व्यवस्था गरिएको छ ।

त्यसका साथै, मास्टर बेडरुम, अध्ययनकक्ष, योगकक्ष, फेमिली बैठककक्ष, पाहुनाका लागि छुट्टै कोठा, भान्सा कोठा, भण्डार कक्ष, आधुनिक फर्निचर, डिजेल जेनेरेटर, ६० हजार लिटर क्षमताको आकाशे पानी संकलन ट्यांकी, १ लाख २७ हजार लिटर क्षमताको भूमिगत पानी ट्यांकी, बगैंचा, पोखरी, भव्य आन्तरिक सडक तथा पार्किङ सुविधा छन् । प्रदेशप्रमुख तथा मुख्यमन्त्रीको सुविधामा निजी सचिव, कार्यालय सहायक, सुरक्षा गार्ड, चालक, कार्यालय सहयोगी गरी मुख्यमन्त्रीका लागि करिब १०-१२ जना तथा प्रदेशप्रमुखका लागि करिब ८-१० जना कर्मचारी तथा सुरक्षाकर्मी छन् । रिट निवेदनमा प्रदेशप्रमुखको लागि आवासबाहेकका मासिक खर्च करिब २/३ लाख रुपैयाँ तथा मुख्यमन्त्रीका लागि ३/४ लाख रुपैयाँ हुन सक्ने उल्लेख गरिएको छ ।

२०७५ मंसिर १७ गतेको मन्त्रिपरिषद् बैठकले संघीय राजधानीमा प्रदेशप्रमुख तथा मुख्यमन्त्रीलाई आवास सुविधा दिने निर्णय गरेको थियो । तर, यो निर्णय नेपालको संविधानको धारा १७१ तथा २३५, सुशासन ऐन, २०६४ को दफा १७, संघ, प्रदेश र स्थानीय तह समन्वय ऐन, २०७७, तथा अन्य कानुनी व्यवस्था विपरीत रहेको दाबी गरिएको छ । यो निर्णयले राज्यकोषको चरम दुरुपयोग गरेको भन्दै रिटमा निर्णय बदर गर्न माग गरिएको छ । रिटमा सरकारका नाममा दोहोरो सुविधा निषेध गर्न स्पष्ट कानुनी व्यवस्था गर्न, अनावश्यकरुपमा लिइएका आवास सुविधाको वित्तीय अडिट गरी राज्यकोषमा फिर्ता गराउन, आर्थिक अनुशासन कायम गर्न परमादेश जारी गर्न माग गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइ दायर गरिएको रिटमाथि चैत १५ गते पेसी तोकिएको छ । संघीय कानुनमा स्पष्ट व्यवस्था नहुँदा-नहुँदै मन्त्रिपरिषद्को नीतिगत निर्णयको आधारमा मुख्यमन्त्री तथा प्रदेश प्रमुखलाई आवास तथा अन्य सुविधा प्रदान गरिएको हुँदा त्यस निर्णय नीतिगत भ्रष्टाचारको परिधिमा पर्ने दाबी गरिएको छ । यसका साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार राज्यका सम्पत्तिमा हानि नोक्सानी पुर्याउने कार्य भ्रष्टाचारको श्रेणीमा पर्ने उल्लेख गरिएको छ ।

२०७२ चैत १६ गतेको मन्त्रिपरिषद् बैठकले सार्वजनिक पद धारण गर्ने व्यक्तिहरुले दोहोरो सुविधा लिन नपाउने निर्णय गरेको थियो । तर, २०७५ मा सरकारले नीतिगत निर्णय गर्दै मुख्यमन्त्री तथा प्रदेश प्रमुखलाई आफ्नो प्रदेशमा आवास सुविधा उपलब्ध गराएको मात्रै नभई संघीय राजधानीमा समेत नियमित आवास सुविधा दिएको भन्दै रिटमा यस्तो कार्यलाई गैरकानुनी भनिएको छ ।

रिट निवेदनमा दोहोरो सुविधा उपलब्ध गराइनु करदाताको पैसाको अनावश्यक खर्च भएको तथा आर्थिक अनुशासन उल्लंघन भएको उल्लेख गरिएको छ । संविधान तथा संघीय ऐनमा स्पष्ट कानुनी व्यवस्था रहेकाले कानुन विपरीत दोहोरो आवास सुविधा प्रदान गर्ने कुनै कानुनी आधार नरहेको दाबी गरिएको छ ।

# जिम्मेवारीविहीन बागमतीका दुई सचिवले पाए जिम्मेवारी




साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती प्रदेश सरकारले दुई सचिवको जिम्मेवारी तोकेको छ । प्रदेशका प्रमुखसचिव महादेव पन्थले संघीय सरकारबाट सरुवा भई आएका दुई सचिवको जिम्मेवारी तोकेका हुन् ।

गत फागुन २७ गते बसेको प्रदेश मन्त्रिपरिषद्को निर्णयअनुसार संघीय सरकारबाट सरुवा भई आएका उनीहरुको जिम्मेवारी तोकिएको हो । बैठकले मुख्यमन्त्री बहादुरसिंह लामा र प्रमुखसचिव पन्थलाई जिम्मेवारी तोक्ने अधिकार दिएको थियो ।

हाल जिम्मेवारीमा रहेका सचिव सरुवा भएको स्थानमा जान नमान्दा र मन्त्रीअनुकूल सचिव नभएको भन्दै एक सातादेखि उनीहरुको जिम्मेवारी तोकिन सकेको थिएन । मुख्यमन्त्री लामाका प्रमुख स्वकीय सचिव छत्रबहादुर लामाका अनुसार २ सचिवलाई मन्त्रालयको जिम्मेवारी तोकिएको हो ।

कृष्णबहादुर लामालाई प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा र विनु बज्राचार्यलाई उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयमा जिम्मेवारी तोकिएको उनले जानकारी दिए । सम्बन्धित मन्त्रालयमा कामकाज गर्ने गरी आइतबार नै पत्र प्रदान गरिएको र उनीहरु हाजिर हुने क्रम रहेको प्रमुख स्वकीय सचिव लामाले बताए । त्यस्तै, मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको प्रशासन तथा बैठक महाशाखाको सचिवमा उदय रानामगरलाई जिम्मेवारी तोकीएको छ ।

युवा तथा खेलकुद मन्त्रालयको सचिव पदमा कार्यरत मगरलाई थप जिम्मेवारीसहित मुख्यमन्त्री कार्यालयको प्रशासन तथा बैठक महाशाखामा ल्याइएको हो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा कार्यरत सचिव पूर्णबहादुर दर्जीलाई दरबन्दी रहेको स्थानमा नै काम गर्ने गरी खटाइएको छ । थप जिम्मेवारीको रुपमा मन्त्रालयमा काम गर्दै आएका दर्जीलाई दरबन्दी रहेको प्रदेशसभा सचिवालयमा नै खटाइएको हो ।

# धेद्रे खोलामा निर्माण गरिएको झोलुङ्गे पुल उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ मकवानपुरको बकैया गाउँपालिका-१२ स्थित धेद्रे खोलामा निर्माण गरिएको झोलुङ्गे पुल उद्घाटन गरिएको छ । स्थानीय कालभैरब आधारभूत विद्यालयका विद्यार्थीको सुविधाका लागि निर्माण गरिएको झोलुङ्गे पुल उद्घाटन गरिएको हो ।

गतवर्ष चाइल्ड रेस्क्यु नेपाल युकेको ४० लाख रुपैयाँ सहयोगमा पुल निर्माण गरिएको हो । पुल निर्माणका लागि बकैया गाउँपालिकाले प्राविधिक सहयोग गरेको थियो । गतवर्ष संस्थाका पदाधिकारी कालभैरब विद्यालय अनुगमनमा आउँदा विद्यार्थी र स्थानीयबासीलाई वर्षायाममा आवतजावत गर्न कठिन भएको देखेपछि गत भदौमा पुल निर्माण सुरु भएको थियो ।

'विद्यालय आउने जाने बाटोमा पुल नहुँदा वर्षायाममा विद्यार्थीलाई खोलाले बगाउने हो कि भनेर अभिभावक चिन्तामा बस्नुपर्ने अवस्था अन्त्य भएको कालभैरब आधारभूत विद्यालयका प्रधानाध्यपक चेतबहादुर घलेले बताए । छोटो समयमा पुल निर्माण गरिदिएको भन्दै उनले सहयोगी संस्थालाई धन्यवाद व्यक्त गरे । हाल विद्यालयमा २० जना विद्यार्थी र ३ जना शिक्षक छन् ।

कार्यक्रममा पालिका अध्यक्ष धर्मराज लामिछानेले स्थानीय सरकारको दायित्व धेरै भएको तर, केन्द्रीय सरकारले काम गर्ने वातावरण नबनाएको बताए । स्थानीय सरकार र जनताको प्रत्यक्ष सम्पर्क हुने भएकाले स्थानीय सरकारसमक्ष सबै खालका समस्या आउने भएकाले सकेको समाधान गर्ने र नसकेको माथिलो निकायसम्म पुर्याउने उनले बताए ।

चाइल्ड रेस्क्यु नेपाल युकेका कार्यकारी प्रमुख जोअना बेगाले विद्यालयका विद्यार्थीलाई काँधमा बोकेर खोला तारिरहेको तस्वीर देखेपछि संस्थाले पुल निर्माणका लागि सहयोग गरेको जानकारी दिए ।

संस्थाले विद्यालय भवन निर्माण गरेर शिक्षा क्षेत्रमा सहयोग गर्दै आएको उनको भनाइ छ । वडाअध्यक्ष ज्ञानेन्द्र बजगाईंको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष लामिछानेको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, पालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठ, चाइल्ड रेस्क्यु नेपाल युकेका कार्यकारी प्रमुख बेगालको विशिष्ट आतिथ्यता रहेको थियो ।

यहाँ गोदामडाँडा, अजिङरे, घेद्रे र डिप्सबाटालगायतका क्षेत्रबाट विद्यार्थी अध्ययन गर्न आउने गरेका छन् । तामाङ समुदायको बाहुल्यता रहेको यसक्षेत्रमा भौगोलिक विकटताका कारण एकघण्टा टाढाबाट विद्यार्थी हिंडेर आउनुपर्ने बाध्यता छ । २०५३ सालमा निर्माण भएको यस विद्यालय आवतजावत गर्न झोलुङ्गे पुल निर्माण भएपछि बर्खामा जोखिमपूर्ण आवतजावत गर्नुपर्ने बाध्यता हटेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# संचालनको प्रतिक्षामा हेटौंडा सिमेन्ट

हेटौंडा सिमेन्ट उद्योगको अवस्था पछिल्ला वर्षहरुमा ओरालो लागेको छ । नाफामा जान नसकेपछि उद्योगमा चरम संकट छ । आफ्ना पूर्वाधार बिक्री गरेर तलब खानुपर्ने अवस्था, उत्पादन ठप्प छ, खर्च यथावत छ । सानो निर्णय गर्न पनि सरकारी संयन्त्रको झण्झटिलो प्रक्रियाका कारण उद्योगले आगामी दिनमा गति लिन सक्ने सम्भावना न्यून छ । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन चैतको तेश्रो साताबाट पुन: सुरु हुने भनिए पनि उद्योग दीर्घकालीन संचालनको अवस्था देखिएको छैन । केही समयका लागि संचालन गरेजस्तो मात्र हुनसक्छ । उद्योगको आर्थिक अवस्था चरम संकटमा छ । गत असोजको पहिलो साताबाट बन्द भएको सिमेन्ट उत्पादन पुन सुरु गर्ने तयारी भएको हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले जनाएको छ । यसअघि उद्योग व्यवस्थापनले मङ्सिरमै सिमेन्ट उत्पादन सुरु गर्ने बताए पनि उद्योगको विभिन्न उपकरणहरु मर्मत र आर्थिक अभावको समस्याका कारण उत्पादन सुरु हुन नसकेको हो । उद्योगको क्लिङ्कर मेसिनलगायत उपकरणको मर्मतकार्य भइरहेको बताइएको छ ।

विद्युतको व्यवस्थापन गरेर सम्भवत चैत्र तेस्रो साताबाट उत्पादन सुरु हुने उद्योग व्यवस्थापनले बताएको छ । तीन महिनादेखि उद्योगका कर्मचारीले तलब खान पाएका छैनन् । विहान बेलुकाको समयमा विद्युत काटिंदा समस्या छ । कामदार कर्मचारीको तलबभत्तासमेत भुक्तानी हुन नसकिरहेको उद्योगको वर्तमान जटिल अवस्थामा उत्पादन नै यस अवस्थाबाट उन्मुक्ति दिलाउने प्रमुख आम्दानीको स्रोत भएको उद्योग प्रशासनले बताएको छ । सबैको साथ र सहयोगबाट उद्योगमा सकारात्मक परिवर्तन ल्याउन सकिने उद्योगको अपेक्षा छ । उद्योग संचालनका लागि अहिले आवश्यक कचचापदार्थ (क्लिङ्कर) तयारी अवस्थामा रहेको बताइएको छ । यसअघि पनि आर्थिक अभावका कारण उद्योग पटकपटक बन्द हुँदै आएको थियो । उद्योग बन्द हुने अवस्थामा पुगेपछि स्थानीय संघर्ष समितिले उद्योग संचालनका लागि आन्दोलन गरेका थिए । दैनिक सात सय ५० टन सिमेन्ट उत्पादन गर्ने क्षमता रहेको भएपनि पुरानो मेसिनमा देखिएको समस्या र जनशक्ति अभावमा उद्योगबाट सिमेन्ट उत्पादन हुन सकेको छैन । उद्योगमा हाल एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत रहेका छन् । केही समयअघि मात्र उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन उद्योगले रोपवे बिक्री गरेको थियो । उद्योगको कच्चापदार्थ आपूर्तिका लागि खानी क्षेत्रबाट उद्योगसम्म निर्माण गरिएको रोपवे लामो समयदेखि बन्द अवस्थामा रहेको थियो । उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोपवे बिक्री गरेको हो ।

उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पीएस एन्ड सन्स इन्टर प्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख ६ हजार ८० रुपैयाँमा रोपवे बिक्री गरेको हो । उद्योगले २०४२ सालबाट भैंसेखानीबाट लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुंगा ढुवानी गर्न सञ्चालनमा ल्याएको थियो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेका थिए । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी थियो । २०६२ सालदेखि रोप-वे पूर्णरुपमा बन्द रहेको थियो । २०६० सालको बाढीपहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भयो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुर्‍याएपछि पूर्णरुपमा बन्द भएको हो । उद्योग विगत केही वर्षदेखि घाटामा छ । २०३३ सालमा एसियाली विकास बैंकको सहयोगमा स्थापना गरिएको यो उद्योगले उत्पादन गरेको सिमेन्ट उपभोक्ताले महिनौं पालो कुरेर लिने गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १५ गते शुक्रबार २८ मार्च २०२५ । चतुर्दशी, फागुन शुक्लपक्ष । चिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:१, सूर्यास्त ६:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा फाइदा मिल्नेछ | **तुला** | : प्रतिष्ठित काम पाइनेछ |
| **वृष** | : इनाम हात पर्नेछ | **वृश्चिक** | : सामाजिक दायित्व बढ्नेछ |
| **मिथुन** | : श्रम खेर जानेछ | **धनु** | : काममा सहयोग मिल्नेछ |
| **कर्कट** | : पढाइमा प्रगति हुनेछ | **मकर** | : अनावश्यक खर्च हुनेछ |
| **सिंह** | : उत्साहमा कमी आउनेछ | **कुम्भ** | : चिताएको काम बन्नेछ |
| **कन्या** | : आफन्तबाट धोका हुनेछ | **मीन** | : नसोचेको फाइदा पाइनेछ |

# न्यायिक स्वतन्त्रताका लागि कलेजियम प्रणाली



✍ सत्यराज कार्की

नेपाली कांग्रेस र नेकपा एमालेको साझेदारीमा सरकार गठन भएसँगै सुरु भएको संविधान संशोधनको बहस अहिले पनि जारी छ । सरकार गठन गर्नुअघि कांग्रेस-एमालेबीच भएको सातबुँदे सहमतिको एउटा बुँदामा संविधान संशोधनको विषय नै समेटिएको छ । सहमतिको २ नम्बर बुँदामा उल्लेख छ- राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सबल र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने । तथापि, अहिलेसम्म संविधान संशोधनको विषयले गति भने लिएको छैन ।

संविधानको मर्मलाई कायम र विकृतिलाई अन्त्य गर्ने लक्ष्यअनुरुप अब संविधानमा पुनरावलोकन गर्ने बेला आएको छ । शक्तिपृथकीकरणको अवधारणालाई थप बल दिने उद्देश्यका साथ संविधानमा आवश्यक संशोधन गर्नु पहिलो शर्त हुन्छ । सरकारका हरेक काम-कारबाही, नागरिकका अधिकार तथा राज्य प्रणालीको लोकतान्त्रिक सञ्चालनलाई न्यायोचित तवरबाट मूल्याङ्कन गर्न न्यायपालिकाको योगदान अपरिहार्य छ । न्यायपालिका र न्यायिक स्वतन्त्रता नहुँदा अराजकता बढ्नु स्वाभाविक हो । वर्तमान अवस्थामा भने न्यायिक स्वतन्त्रता कुण्ठित देखिन्छ । हरेक न्यायिक कार्यमा अनियमितता, भ्रष्टाचार, विकृति, विसंगति निरन्तर उँभो लागिरहेको छ । नेपालको संविधानले प्रस्तावनामा नै स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानूनी राज्यको अवधारणा सुनिश्चित गर्ने लक्ष्य लिएको छ ।

लक्ष्य र उद्देश्य बमोजिम न्यायपालिका सञ्चालनमा के-कस्ता चुनौती छन् ? भन्ने प्रश्न जायज हुन जान्छ । यसका समस्या विविध छन् तर मूलत: समस्याको कडी वा बीजबिन्दु एउटै छ । यो समस्याको प्रमुख बीजबिन्दु भनेको न्यायाधीश नियुक्तिको प्रक्रिया हो । नेपालमा न्यायाधीश नियुक्तिको प्रक्रियालाई अध्ययन गर्दा समस्या स्पष्ट हुन आउँछ । यो संरचना सबै किसिमका समस्यालाई हुर्काउने र बढाउने कुत्सित छवि बोकेको नियुक्तिको संरचना हो । नेपालको संविधानको धारा १५३ बमोजिम न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खास्तगी र न्याय प्रशासन सम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिने निकाय न्यायपरिषद् हुनेछ भन्ने व्यवस्था गरिएको छ । न्यायपरिषद् हुनु आफैंमा समस्या होइन, समस्या त केवल यसको संरचना हो ।

कानून मन्त्रीको सहभागिता र प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति गरिने कानूनविद्ले कार्यपालिकाको हस्तक्षेप प्रत्यक्ष रूपमा न्यायपालिकामा रहेको र 'चेक एन्ड ब्यालेन्स'का रूपमा राखिएको कार्यपालिकाको प्रतिनिधिले सन्तुलन नभई न्यायाधीश नियुक्तिमा अनावश्यक नियन्त्रण गरेको भन्ने त नियुक्तिको अभ्यासले दर्शाएको छ । आजका दिनमा न्यायाधीश नियुक्त गर्न कार्यपालिकामा अधीनस्थ हुनुपर्ने अवस्था छ । जब एउटा अङ्गले यसरी अर्को अङ्गमा हस्तक्षेपकारी भूमिका खेल्छ तब स्वतन्त्र न्यायपालिका, शक्तिपृथकीकरणको अवधारणा अस्थिपन्जर झैं छियाछिया हुने अवस्थामा पुग्छ । यस्तो नियुक्ति प्रक्रियालाई संशोधन गरी न्यायपालिकाको भविष्यलाई उज्यालो पार्नेतर्फ कसरत गर्न आवश्यक छ । यसलाई कलेजियम प्रणालीले प्रतिस्थापन गर्दा हरेक समस्याको समाधान र न्यायपालिकाको पुन: संरचनामा ऐतिहासिक उपलब्धि हासिल हुनेमा दुईमत छैन ।

### कलेजियम प्रणालीको इतिहास र विकास

संसारभर कलेजियम प्रणालीको अभ्यास भारतमा मात्र रहेको छ । यो यस्तो प्रणाली हो, जहाँ न्यायाधीशको नियुक्ति र सरुवा न्यायाधीशहरूले नै गर्छन् । यसो गर्दा न्यायाधीशको नियुक्तिमा न्यायपालिकाले न्याय पाउँछ । भारतमा यसलाई कार्यान्वयन गर्नमा न्यायपालिकाले कार्यपालिका विरुद्ध ऐतिहासिक संघर्ष गरेको छ । भारतमा केशवानन्द भारतीको मुद्दामा 'संसद्लाई संविधान संशोधन गर्ने असीमित अधिकार छैन' भनी बहुमतको राय बमोजिम फैसला गरियो । फरक राय दिएका न्यायाधीश ऐन. रेले सरकार र संसद्को पक्षमा राय व्यक्त गरेकाले वरिष्ठताको नियमलाई कुल्चिएर उनलाई प्रधानन्यायाधीश बनाइयो ।

त्यस्तै भारतमा इमर्जेन्सी लागू गरिएको समयमा श्रीकान्त शुक्लाको मुद्दामा ४ जना न्यायाधीशले सरकारको पक्षमा फैसला गरे भने अर्को एक जना न्यायाधीश एच. आर खन्ना जो वरिष्ठताका आधारमा प्रधानन्यायाधीश हुनुपर्ने थियो, उनले सरकारका विरुद्धमा फैसला गरेकाले प्रधानन्यायाधीश नै बनाइएन । भारतमा कलेजियम प्रणाली लागू हुनुपूर्व न्यायाधीशको नियुक्तिमा संविधानले तय गरेभन्दा बिल्कुल फरक शैलीमा कार्यपालिकाको असीमित अधिकार रहेको थियो । सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशको सिफारिसमा मन्त्रिपरिषद् हुँदै राष्ट्रपतिसम्म पुग्ने गर्दथ्यो । न्यायाधीशको नियुक्ति गर्ने अभिभारा राष्ट्रपतिमा निहित भएको थियो । यसमा कार्यपालिकाको संशोधन (१९७६) ले गरिदियो । राष्ट्रपतिलाई मन्त्रिपरिषद्को सल्लाह स्वीकार्नैपर्ने गरी बाध्य बनाइयो । जसले न्यायाधीश नियुक्तिमा राष्ट्रपतिको स्वतन्त्र निर्णय गर्ने अधिकार समाप्त भयो ।

यस संशोधनभन्दा पहिले राष्ट्रपतिसँग केही हदसम्म स्वतन्त्र निर्णय लिने क्षमता थियो तर संशोधनपछि न्यायाधीश नियुक्तिमा सरकारको प्रत्यक्ष नियन्त्रण रह्यो । नियुक्तिका लागि सिफारिस गर्ने अभिभारा न्यायाधीशहरूमा निहित थियो । नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस मन्त्रिपरिषद्को बाटो हुँदै जाने हुँदा र संशोधित प्रावधानले भारतमा न्यायाधीश नियुक्तिमा कार्यपालिकालाई बल दिने हुँदा स्वतन्त्र न्यायपालिकाको अवधारणा धरापमा पुग्दै गयो ।

### कार्यपालिका विरुद्ध न्यायपालिका

न्यायाधीश नियुक्तिमा कार्यपालिकाको प्रभुत्व रोक्न भारतमा धेरै मुद्दा दायर भए । कलेजियम प्रणालीको विकास र प्रयोगको आवश्यकतालाई यी मुद्दामा भएका फैसलाहरूले आकार दिए । यसलाई आकार दिन फर्स्ट, सेकेन्ड, थर्ड र फोर्थ जजेज केस महत्वपूर्ण रह्यो । कलेजियमको विकास र औपचारिकता भने सेकेन्ड जजेज केसबाट मात्र लागू भयो । कलेजियममा प्रधानन्यायाधीश लगायत वरिष्ठ न्यायाधीशहरूसँग परामर्श गरेर गरिएको न्यायाधीशको सिफारिसलाई कार्यकारीमाथि प्राथमिकता दिइनेछ भन्ने निर्णय गरियो ।

थर्ड जजेज केसले कलेजियम प्रणालीलाई थप स्पष्ट पार्‍यो र प्रधानन्यायाधीशले सिफारिस गर्नुअघि वरिष्ठ न्यायाधीश (सर्वोच्चका लागि चार र उच्चका लागि दुई) को समेत परामर्श लिनुपर्ने र न्यायिक स्वतन्त्रतालाई सुदृढ पार्नुपर्ने भन्ने फैसला गरेको थियो । फोर्थ जजेज केसले न्यायाधीश नियुक्तिका लागि गठन गर्ने आयोग (एन जेएसी) लाई खारेज गर्‍यो जुन सरकारले कलेजियम प्रणालीलाई निष्क्रिय गरी न्यायाधीश नियुक्तमाथि गुमाएको नियन्त्रण पुन: प्राप्त गर्ने चेष्टा गरेको थियो । यसको संरचना नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९३ मा व्यवस्था गरिएको न्यायपरिषद्को जस्तो मिल्दोजुल्दो थियो ।

यसरी भारतमा न्यायिक स्वतन्त्रता, शक्तिपृथकीकरणलाई कुण्ठित पार्ने गरी कार्यकारी हस्तक्षेप हुँदै गर्दा न्यायपालिकाले त्यस्तो ज्यादती र देशकै न्याय प्रणालीला विलखबन्द पार्ने कार्य हुँदै गर्दा सशक्त भएर लड्यो । नेपालले पनि यो अभ्यासलाई अनुसरण गरी कार्यकारी हस्तक्षेपबाट मुक्त हुनुपर्ने देखिन्छ केवल मूकदर्शक भएर बसेको अवस्थामा न्यायपालिका कार्यपालिकामा अधीनस्थ हुनुपर्ने अवस्था हुन जान्छ ।

### न्यायपरिषद

राजनीतिक अभीष्ट पूरा गर्ने नियत राखेर न्यायपरिषद्को खाका कोरिएको छ । पाँच सदस्यीय न्यायपरिषद्मा जम्मा दुई जना न्यायाधीश, दुई जना सरकारका प्रतिनिधि र एक जना बार का प्रतिनिधि रहेका छन् । न्यायिक स्वतन्त्रतालाई कुण्ठित गर्ने र कार्यकारी आधिपत्य न्यायिक क्षेत्रमा कायम गर्ने नियतले सरकारको वर्चस्व न्यायपरिषद्मा रहेको देखिन्छ । तसर्थ, यसले निम्त्याएका अन्य न्यायिक अनियमितता, विकृति, विसंगति कस्ता छन् भन्नेमा अत्युक्ति आवश्यक पर्दैन ।

हरिकृष्ण कार्की प्रतिवेदनले समेत न्यायपरिषद्को संरचनामा समस्या रहेको र यस्तो संरचनामा नियुक्ति गर्दा आर्थिक चलखेल हुने समेत भनिएको छ । प्रतिवेदनले न्यायपरिषद्को समस्यालाई थप औंल्याउँदै भनेको छ- 'न्यायपरिषद्ले नियुक्ति, सरुवा कारबाही जस्ता कार्य पारदर्शी, स्वच्छ, निष्पक्ष र व्यवस्थित ढंगले गर्न नसक्दा विकृति, विसंगति बढेकाले न्यायपरिषद्को काम कारबाहीमा आमूल परिवर्तनको खाँचो छ । संरक्षणवाद, नातावाद र कृपावादका कारण इमानदार सक्षम न्यायाधीश कारबाहीमा पर्ने तर बेइमानहरूले छुट पाइरहेको हुँदा त्यसको अभ्यास अन्त्य हुनुपर्दछ ।' (पृ ६३) । उक्त प्रतिवेदनले न्यायाधीशको नियुक्तिमा कलेजियम प्रणालीलाई अवलम्बन गर्ने समेत सुझाव दिएको छ (पृष्ठ ६१) ।

### 'मोडिफाइड' कलेजियम

कलेजियम प्रणालीको तर्क र विधिशास्त्र न्यायिक स्वतन्त्रता, शक्तिपृथकीकरण तथा राजनीतिक हस्तक्षेपबाट न्यायपालिकालाई अलग बनाउनेमा केन्द्रित छ । कलेजियम भनेको यस्तो समूह हो, जहाँ हरेक व्यक्तिसँग समान र सन्तुलित अधिकार हुन्छ । कलेजियमलाई भारतबाट अनुसरण गरी नेपालमा लागू गर्दा यसमा देखापरेका समस्या नातावाद, कृपावाद, परिवारवादको संरक्षण हुने आरोप-प्रत्यारोपलाई समाधान रूपी माध्यमबाट लागू गर्न अग्रसर हुनुपर्छ । भारतमा मुख्यत: कलेजियमलाई लागू गर्दा विभिन्न समस्या पनि देखापरेका छन् । न्यायाधीश नियुक्तिको बाटो पारदर्शी र मेरिटका आधारमा नहुने र कलेजियमले नियुक्तिमा एकाधिकारवाद हुने तर्क संकीर्ण हो ।

भारतमा कलेजियमले निम्त्याएको एउटा समस्या नियुक्तिमा 'बार क्याडर' हावी हुनु र न्याय सेवामा प्रवेश भएका व्यक्ति जो 'करिअर जज'का रूपमा उदाउँछन् उनीहरूको संख्या सर्वोच्चमा कम हुनु, कार्यकाल छोटो हुनु पनि हो । यसको विपरीत जो पेशाबाट आएका हुन्छन्, उनीहरूसँग न्यायिक अनुभव नै नभए तापनि उसलाई 'बार क्याडर'बाट पहुँचका आधारमा न्यायाधीश नियुक्त गर्न र कार्यकाल पनि लामो हुने गरी प्रपञ्च मिलाइने गरिन्थ्यो । यसले न्याय सेवा र 'करिअर जज'का रूपमा स्थापित हुन चाहनेमा वितृष्णा पैदा भयो । तर यसलाई समस्याका रूपमा देखाएर नेपालमा कलेजियम लागू नगर्नु न्यायपालिकालाई शोषित र पीडित बनाइरहनु हो । समस्यालाई केलाएर अध्ययन गरेर 'मोडिफाइड' कलेजियम लागू गर्नुपर्छ । यसका लागि न्यायाधीशको कलेजियम हुने र त्यो कलेजियमलाई पारदर्शी बनाउने उद्देश्यका साथ नियुक्तिको मापदण्ड तोकेर बार लाई 'वाच डग'का रूपमा राख्ने र समानुपातिक सहभागिता, न्याय सेवा र पेशाबाट आउने सबैको नियुक्ति समान रूपमा गरिनुपर्छ ।

पारदर्शिता कायम गर्न नियुक्त भएका उम्मेदवार र अन्य प्रत्यासीलाई के आधारमा मूल्याङ्कन गरेको र कस्ता मापदण्ड तय भएका छन् भन्नेमा बारको रोहबरमा सार्वजनिक गरिनुपर्छ । यसो गरेमा बार-बेन्च सम्बन्ध, न्यायिक स्वतन्त्रता, शक्तिपृथकीकरणलाई सुनिश्चित गर्न सकिन्छ । संविधानले तय गरेका लक्ष्य प्राप्ति, न्यायिक सुनिश्चितता, नागरिकको अदालतप्रतिको विश्वास र भरोसा सबैलाई सुदृढीकरण गर्न सकिन्छ । संविधानलाई जीवन्त बनाउने उद्देश्य साथ यी विषयमा संशोधन प्रस्ताव अघि बढाउने हो भने न्यायपालिकाका विद्यमान समस्या समाधान गर्न सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# सगरमाथा हिमालका विविध पक्ष

✍ निनाम लोवात्ती

आजभोलि सगरमाथा हिमालको नाम नसुन्ने शायदै कोही होलान् । तर दु:खको कुरो के छ भने, धेरै कम मानिसलाई मात्रै थाहा होला कि सगरमाथा हिमालको भविष्य के हुँदै छ भन्ने बारेमा । विश्वकै एकमात्र 'आइकोनिक' को रुपमा स्थापित भएको सगरमाथा हिमालको भविष्य दु:खद हुँदै छ ।

भनाइको मतलब सगरमाथा हिमालको भविष्य अनिश्चित हुँदै गएको छ । जे भए तापनि यो हिमाल आरोहण गर्नका लागि हालसम्म अनुमानित १८-१९ हजारदेखि २०-२१ हजार पर्वतारोहीहरुले प्रयास गरे होलान् । हुन त सगरमाथा एकै व्यक्तिले दोहोर्‍याएर, तेहर्‍याएर पनि चढेका छन् । कतिपय पर्वतारोहीले १५ औंदेखि ३० औं पटक पनि सगरमाथा हिमाल चढिसकेका छन् । त्यसरी एकैजनाले पटक-पटक चढेको गन्दाखेरि लगभग १२ हजारजनाले सगरमाथा हिमाल आरोहण गरिसकेका छन् । तर एकलरुपमा आरोहण गरेकोलाई आधार मानेर गन्दाखेरिचाहिँ लगभग ८ हजार चानचुनले सफलता प्राप्त गरेका छन्, सगरमाथा हिमाल आरोहणको हालसम्मको इतिहासमा ।

अर्थात् सन् १९५३ देखि सन् २०२४ को वसन्त ऋतुसम्ममा । कतिपय मान्छेलाई जातीय कुरो गरेजस्तो पनि लाग्ला । किनभने, सगरमाथा हिमालको असली नाम 'चोमोलुङ्मा' हो । अर्थात् आदि अनादि कालदेखि स्थानीय रुपमा बस्दै आएका आदिवासीहरुले 'चोमोलुङ्मा' भनी पुकार्थे, अहिले सगरमाथा नामले चिनिने यो हिमाललाई । त्यसो त सगरमाथा हिमाललाई कुलुङ जातिले 'सोम्फोरोछ्रा' भनी पुकार्ने गर्छन् । जे होस्, यो पङ्तिकारको विचारमा चाहिँ सगरमाथा हिमालको नाम 'सगरमाथा-चोमोलुङ्मा-एभरेस्ट' राख्दा राम्रो हुने देखिन्छ ।

किनभने, तीन नामले स्थानीय, राष्ट्र र व्यापारिक स्वार्थलाई समेट्छ । अब लागौं सगरमाथा हिमाल आरोहणको इतिहास, सगरमाथाको उचाइ र सगरमाथाको नामका सम्बन्धमा । हो, 'एभरेस्ट' अथवा 'सगरमाथा' नाम राखिनुअघि सगरमाथाका नामहरु अनेक अड्कल गरिएका थिए । जस्तै- 'देवढुंगो', 'भैरवनाथ', 'गौरीशंकर', 'चरी लमेनी', 'मितिगुती', 'चापोलुङ्मा', 'थर्ड-पोल', 'द गडेस मदर अफ द अर्थ', 'मदर गडेस अफ द स्काइ', 'फ्रोमोलुङ्मा', 'धरतीकी देवी', 'चोमो काङकार', 'चोमो लुङ्मो', 'पिक एक्स भी, '१५ औं चुली' लगायत डेढ दर्जनभन्दा बढी नामहरु अड्कल गरिएका थिए । तर पछि गौरीशंकर, मेलुङत्सेलगायत अन्य हिमालहरु अलग्गै हुन् भन्ने पत्ता लागेपछि सगरमाथाको नाम 'गौरीशंकर' होइन भन्ने पक्का भयो ।

अझै पनि पर्वतारोहण क्षेत्रमा लागेका पर्वतारोहीहरु र सगरमाथालगायत विश्वका विभिन्न हिमालबारे किताब लेख्ने, फिल्म बनाउने, डकुमेन्ट्री बनाउने, स्वदेशी तथा विदेशी लेखक, खोज तथा अनुसन्धानकर्ताहरु (धेरैजसो विदेशी लेखकहरु) ले चाहिँ 'चोमोलुङ्मा' भनी लेखेको/बोलेको पाइन्छ । स्मरणीय छ, सन् १८५६ मा बेलायती नागरिक जर्ज एभरेस्टको सम्मानमा 'चोमोलुङ्मा' को नयाँ नाम 'माउन्ट एभरेस्ट' राखिएको थियो । सो बेला सर जर्ज एभरेस्ट भने आफ्नो सेवा अवधि सकेर बेलायतको इङ्ल्यान्डमा 'रिटायर लाइफ' बिताइरहेका थिए । उनले सन् १८२३ देखि १८४३ सम्म भारतको नाप-नक्सा विभाग (हेड अफ सर्भे) प्रमुख भएर काम गरेका थिए ।

स्मरणीय कुरा, माथिका सगरमाथासम्बन्धी विभिन्न नाममध्ये केही नामहरु 'टु द थर्ड पोल' नामक किताबबाट लिइएको हो । हुन पनि भूगर्भविद् तथा वैज्ञानिकहरुका अनुसार सगरमाथा हिमाल 'ग्रे लाइस्टोन' ले बनेको हो भने आजभन्दा १ करोड ५१-५२ लाख वर्षदेखि १ करोड ५६-५७ लाख वर्षअघि सगरमाथा हिमालको उत्पत्ति भएको हो । साथै यो टेथिस महासागर टेक्टोनिक प्लेट सर्ने क्रममा वा भनौं सिद्धान्तअनुसार आजको उचाइको सगरमाथा हिमाल बनेको हो । गुगल सर्चअनुसार टेथिस महासागर आजको एसिया, उत्तर अफ्रिका, अरब मुलुक र भारत रहेको क्षेत्रमा फैलिएको थियो भने त्यो बेला (करिब ४० मिलियन वर्षअघि) उत्तरतर्फ सर्दै-सर्दै आल्पस पर्वतमाला र हिमालय पर्वतमाला बनेको हो ।

त्यस्तै गरेर करिब ८० मिलियन वर्षअघि आजको भारत ६ हजार ४ सय किलोमिटर दक्षिणको युरेसिया प्लेटमा रहेको थियो भन्ने भनाइ भूगर्भविद्हरुको रहेको छ । जे होस्, नेपाल सरकारले आगामी ९ भदौ, २०८२ (१६ सेप्टेम्बर सन् २०२५) देखि पर्वतारोहीका लागि आरोहण गर्न खुला गरिएका सबै हिमालको शुल्क अर्थात् सलामी दस्तुर बढाउने भएको छ । तर सो कुरो राजपत्रमा आए/नआएको चाहिँ यो पङ्तिकालाई थाहा भएन । हुन पनि जुनसुकै कुरो सरकारले राजपत्रमा प्रकाशित नगरेसम्म लागू हुँदैन । सूत्रहरुका अनुसार नेपाल सरकारले नेपालमा रहेकामध्ये विभिन्न हिमालमध्ये पर्वतारोहीका लागि आरोहण गर्न खुला गरिएका सबै हिमालको शुल्क अर्थात् सलामी दस्तुर बढाउने भएको छ । खासमा यो लेख सगरमाथा हिमाललगायत सबै उचाइका हिमालको आरोहणबापत पहिले लाग्दै आएको शुल्क अर्थात् सलामी दस्तुर र अब लागू हुने भनी तोकिएका सबै हिमाल शुल्क अर्थात् सलामी दस्तुरबारे छोटकरीमा र बढीचाहिँ यसको (सगरमाथा हिमालको) चिन्ता किन गर्ने ? आदि इत्यादि बारेमा केन्द्रित छ ।

त्यसो त केही वर्षअघिसम्म सगरमाथा हिमालको उचाइका सम्बन्धमा पनि धेरै विवाद हुने गरेको थियो । वि.सं. २०७२ मा नेपालमा भूकम्प गएपछिचाहिँ नेपालकै भूगोलविद् र भूगर्भविद्हरुले पनि सगरमाथा हिमाल बढेको हुन सक्ने भनी कुरो उठाउन थालेपछि नेपाल सरकारले पनि तदारुकताका साथ सगरमाथा हिमालको उचाइ घटेको वा बढेको के हो ? सत्यतथ्य पत्ता लगाउनका लागि नापी विभागका कर्मचारीहरुको टोली गठन गर्‍यो । सो अध्ययन टोलीले आफ्नो प्रतिवेदनमा सगरमाथा हिमालको उचाइ पहिलको भन्दा केही सेन्टिमिटर बढेको भनी सरकारलाई आफ्नो अध्ययन प्रतिवेदन बुझायो ।

त्यही प्रतिवेदनलाई वि.सं २०७७ मंसिर २३ (सन् २०२० डिसेम्बर ८) का दिन औपचारिकरुपमा मान्यता दिइएको थियो । जसमा उत्तरी छिमकी चीन (जुन देशको स्वशासित क्षेत्र तिब्बतमा पनि सगरमाथा पर्छ, सगरमाथा हिमाल नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतको सीमा क्षेत्रमा रहेको छ) ले संयुक्तरुपमा सगरमाथा हिमालको नयाँ उचाइ ८,८४८.८६ मिटरलाई मान्यता दिएको छ । साथै आधिकारिकरुपमा लेख्दाचाहिँ सगरमाथाको उचाइ ८,८४९ मिटर (२९,०३२ फिट) लेखन थालिएको छ । यसरी सगरमाथा हिमाल आरोहणको इतिहास हेर्दा सन् १९२२ बाट शुरु भएको देखिन्छ ।

त्यसयता सन् २०२४ को वसन्त ऋतुसम्म नेपाललगायत विभिन्न देशका करिब ८ हजार पर्वतारोहीहरुले सगरमाथा आरोहण गरिसकेका छन् । सन् २०२३ मा त सगरमाथा आरोहण अनुमति जारी गरेबापत ६६ करोड ६४ लाख २० हजार नेपाली रुपियाँ बराबरको विदेशी मुद्रा सलामी रकम पर्यटन विभागले संकलन गरेको थियो । यसरी लाखौं अमेरिकी डलर खर्च गरेर जिन्दगीमा एकपटक जसरी भए पनि 'विश्वको अग्लो हिमाल सगरमाथा चढेरै छाड्ने' अठोट र सपना साँचेर नेपाल आउँछन्, विश्वका कैयौं देशका पर्वतारोहीहरु । तर सगरमाथा आरोहण व्यक्तिको इज्जत, मान, सम्मान, कीर्तिमान राख्न, आफ्नो देशको नाम विश्वभरि फैलाउन र अजर-अमर राख्नभन्दा जसरी पनि चढ्नै पर्ने रहरको विषय हुन थालेको छ । यसले गर्दाखेरि सगरमाथा आरोहण पनि आजभोलि एउटा राम्रो व्यापारका रुपमा फस्टाइरहेको देखिन्छ ।

जसले गर्दा सगरमाथा आरोहण गर्नका लागि आफ्नो व्यक्तिगत स्वास्थ्य, शारीरिक तन्दुरुस्ती, शरीरमा स्टामिनाको कमी र हिमाल चढेको (खास गरी ७ हजार, ८ हजार मिटरन्दा अग्लो हिमाल) चढेको अनुभव भए तापनि जसरी पनि सगरमाथा चढेरै छाड्ने जिद्धिपनसहित पर्वतारोहीहरु आउन थालेका छन् । माथिका अनेक कारणहरुबाहेक सगरमाथा आरोहणका लागि साहस, धैर्यता र मौसमको साथ पनि अनिवार्य सर्त हो । अझ मौसमले साथ दिनका लागि त प्राय: सबै पर्वतारोहीहरुले कैयौं दिनसम्म उपयुक्त समय पर्खेर क्याम्प-२, क्याम्प-३, क्याम्प-४ मा बस्नुपर्ने हुन्छ । सन् २०२२ फेब्रुअरी ५ मा बीबीसी नेपाली सेवाले आफ्नो अनलाइन संस्करणमा प्रकाशित गरेको एक रिपोर्टअनुसार सगरमाथाको आसपास रहेका हिमनदीमा विगत २ हजार वर्षदेखि जमेर रहेको बरफ केही वर्षअघिदेखि तीव्र गतिमा पग्लन शुरु भएको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# रोकियो सगरमाथा सफाइ



काठमाडौं/नेपाली सेनाले पर्यावरण संरक्षणका लागि भन्दै वन तथा वातावरण मन्त्रालयको समन्वयमा वर्षेनि हिमाल सरसफाइ अभियान चलाउँदै आएको थियो । तर, यसपालि आरोहणको सिजन सुरु भइसक्दा सरसफाइ अभियानको कुनै सुरसार छैन । सिजनको पहिलो आरोहणका लागि अहिले शेर्पाहरूले बाटो बनाउने कामलाई तिव्रता दिइरहेका छन् । तर, सरसफाइ अभियानका लागि कुनै पूर्वतयारी थालिएको छैन ।

सेनाका प्रवक्ता गौरवकुमार केसीका अनुसार, सगरमाथा सरसफाइ अभियानका लागि सरकारले यसपालि बजेट नछुट्याउँदा यो वर्षको कार्यक्रम अनिश्चित बनेको हो । 'बजेट नछुट्टिएर यसको तयारी थाल्न ढिलाई भएको थियो, पछि बजेटको व्यवस्थापन हुने भन्ने सुनेको थिएँ', केसीले संचारकर्मीसँग भने, 'तर, वन मन्त्रालयमार्फत् आउने बजेट नभएपछि अभियान रोकियो भन्ने सुनेको छु ।' विगतमा सरकारले सगरमाथा सरसफाइ अभियानका लागि कम्तिमा ८ करोड रुपैयाँ बजेट विनियोजन गर्ने गरेको थियो । त्यसमा दातृ निकाय र अन्य सरोकारवालासँग सहयोग लिएर हिमालका फोहोर संकलन गरेर ल्याउने गरिएको थियो ।

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता शिवकुमार वाग्ले चाहिँ हिमाल सरसफाइका लागि ठूलो रकम चाहिने भएकाले के गर्ने भन्ने विषयमा छलफल भइरहेको बताउँछन् । 'मन्त्रालयमा बजेट छुट्टिएपछि नेपाली सेनाले आफ्नो जनशक्ति र अरु विभिन्न निकायहरूसँग समेत समन्वय गरेर सरसफाइ गर्दै आएको थियो', उनले भने, 'यो एकदमै खर्चिलो काम हो, सबै कुराको मूल्य बढिरहेको छ, तर बजेट घट्दो क्रममा छ । त्यसैले कठिनाइ भएको हो ।' सर्वोच्च अदालतले यही वर्ष मात्र सफा हिमाल अभियान अन्तर्गत नेपाली सेनालाई केही बजेट विनियोजन गरिए पनि पर्याप्त नभएको भन्दै फोहोर, शव व्यवस्थापन र रोकथामका लागि पर्याप्त लगानी गर्न भन्दै परमादेश दिएको थियो ।

न्यायाधीश सपना प्रधान मल्ल र सुष्मालता माथेमाको इजलासले 'अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम संघीय कानुन बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी संघ, प्रदेश र स्थानीय तहबीच बाँडफाँट हुने भएकाले त्यस रकमबाट समेत सफा हिमाल अभियानको निमित्त स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रीय सरकारले छुट्टाछुट्टै पर्याप्त बजेट विनियोजन गराउन' भनेको थियो । सर्वोच्च अदालतले हिमाल देशको पहिचान भएको भन्दै यसकै रुपमा भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्ने भन्दै सगरमाथालाई स्वच्छ राख्न कदमहरू चाल्न सुझाएको थियो ।

अदालतले हिमाललाई फोहोर राख्ने र रोयल्टीको नाममा हिमालहरूले थेग्नै नसक्ने संख्यालाई पर्वतारोहण गर्न नदिन पनि उल्लेख गरेको थियो । 'त्यो गर्न दिनु भनेको हिमाललाई पीडा दिनु र अपमान गर्नु हो, जलवायु परिवर्तनको प्रभावहरू पहिले नै हिमालमा निकै कठोर रहेको छ', उनले भने, 'यसरी आरोहण गर्ने क्षमता पनि नभइ सहजै र बारम्बार आरोहणका लागि स्वीकृति दिँदा हिमालले थेग्न नसक्ने र पर्वतारोहीहरूको जीवन समेत खतरामा परिरहेको छ ।' तर, अदालतले आदेश दिएकै वर्ष सरसफाइ अभियान रोकिनुले सरकार यसमा गम्भीर नभएको देखिने सरोकारवालाहरू बताउँछन् । जलवायु अभियन्ता सिलसिला आचार्य भन्छिन्, 'यसको स्पष्ट अर्थ सरकारले हिमाल सरसफाइलाई प्राथमिकता दिएन भन्ने हो ।'

वातावरण संरक्षणमा काम गरिरहेको अभ्नी भेञ्चर्सकी निर्देशक समेत रहेकी उनी सरकारले व्यवस्थापनमा ध्यान नदिँदा समेत लगानी जुटाउन गाह्रो भएको बताउँछिन् । 'पछिल्लो समय आरोहणमा जानेलाई फोहोर लिएर फिर्ता आए पाउने गरी सगरमाथाका लागि ४ हजार डलर सुरक्षा डिपोजिट राख्ने गरेको छ, तर त्यसलाई फिर्ता नहुने गरी कोषमा राखेर सफाइमा खर्च गर्नेबारे सोच्नुपर्छ', आचार्य भन्छिन्, 'त्यसरी उठाउने रकम मात्र सफाइमा पर्याप्त त हुँदैन, तर त्यो व्यवस्थापनको सुरुवात बन्न सक्छ ।' कतिपय जानकारहरू नियमन र सफाइ नै गर्न नसकिने किसिमले आरोहण अनुमति दिन नहुने समेत तर्क गर्छन् ।

**हिमालको हालखबर**

सन् २०२४ मा सगरमाथा आरोहण गरेका बंगलादेशी नागरिक बाबर अलीको अनुभवमा, सगरमाथाको क्याप ३ र ४ मा धेरै फोहोरहरू देखिन्थे । 'आरोहीले त्यहाँ बस्दा राखेको टेन्ट त्यत्तिकै छाडेर जाँदा हावाहुरीले त्यसलाई उडाएर च्यातिएका कपडाहरू यत्रतत्र देखिन्थे', उनले सम्झिए, 'अर्को कुरा अक्सिजन सिलिण्डर, बोतल, भाँडाकुँडा पनि यत्रतत्र छरिएका देखिन्छन्, अन्य किसिमका प्लास्टिकहरू धेरै देखिन्छन् ।'

सगरमाथा क्षेत्रमा केही वर्षयता हिउँ पर्ने क्रम कम भएको अनुभव गरेका अलीले बताएअनुसार, बेस क्याम्पसम्म सामान ढुवानीका लागि त्यति गाह्रो नभएकाले समस्या छैन । 'क्याम्प १ र २ मा पनि समस्या लाग्दैन, तर त्यसभन्दा माथि चढेपछि चाहिँ सगरमाथा कति फोहोर छ भन्ने देखिन्छ', अहिले अन्नपूर्ण हिमाल आरोहणका लागि काठमाडौं आएका उनले संचारकर्मीसँग भने, 'क्याम्प ३ मा केही अक्सिजन सिलिण्डरहरू पनि देखिन्छन्, यद्यपि त्यो महँगो भएका धेरैले तलसम्म ल्याउने गरेका छन् ।'

हिमालमा लामो समयदेखि पुरिएका शवहरू पनि हिउँ नपरेका कारण बाहिर देखिने गरेको उनको अनुभव छ । 'ती सगरमाथा पहिलो पटक आरोहण भएदेखिकै शवहरू पनि हुन सक्छन्,' उनी थप्छन्, 'यस्तोमा सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपीसीसी) र नेपालले गरि रहेको काम एकदमै प्रशंसनीय छ ।'

तर, अहिले अन्तर्राष्ट्रिय स्तरमै चर्चा पाएको हिमाल सरसफाइ अभियान स्थगित हुँदा यसमा जोडिएका सरकारी र गैरसरकारी अधिकारीहरू असन्तुष्ट छन् । सरसफाइ अभियानमा जोडिएका आरोही तथा पर्वतारोहण व्यवसायी बाबु शेर्पा सेनाबाट भइरहेको नियमित काम रोकिनुले हिमाललाई राज्यले कति महत्व दिइरहेको छ भन्ने झल्काउने बताउँछन् ।

'अहिले २ करोड ७५ लाख रुपैयाँ बजेटमा सरसफाइ गर्ने भनेर नेपाल पर्यटन बोर्ड (एनटीबी) ले छलफल गरिरहेको पनि थाहा पाएको छु', उनी भन्छन्, 'तर, त्यसका लागि पनि तयारी गर्न एकदमै ढिलो भइसक्यो ।' चीनतर्फबाट समेत सगरमाथाको आरोहण गरेका आरोही अनिल लुइँटेलको भनाइमा, सर्वोच्च शिखरको दुई फरक भागको परिस्थिति ठ्याक्कै विपरित देखिन्छ ।

'मैले सन् २०१६ मा नेपाल र २०१८ मा चीनतर्फबाट आरोहण गरेँ', उनी भन्छन्, 'चीनतिरबाट जाँदा सफा देखिन्थ्यो भने नेपालतिर हिउँमा पुरिएर छाडिएका प्लास्टिकका कपडा, क्यान लगायत कुराहरू देखिन्थे ।' नेपाल स्काउटका प्रथम सगरमाथा आरोही समेत रहेका उनी सगरमाथामा ट्वाइलेट ब्याग, प्रयोग भइसकेका टेन्ट, प्लास्टिक, अक्सिजन सिलिण्डर, मृत शरीर लगायत आफूले यत्रतत्र देखेको अनुभव सुनाउँछन् ।

सगरमाथामा थुप्रिएको फोहोरले पर्यावरणलाई असर पुऱ्याइरहेको भन्दै उनी सरसफाइका लागि राज्य गम्भीर बन्नुपर्ने उनको भनाइ छ । नेपाली सेनाले सन् २०१३ मा भारतीय सेनासँग समेत मिलेर संयुक्त सगरमाथा आरोहण गरेको थियो, त्यसबेला सगरमाथाबाट ४.६ टन फोहोर संकलन गरेर ल्याएको थियो । 'त्यसबेला केही शेर्पाको सहयोगमा सेनाले त्यो काम गरेको थियो', संयुक्त आरोहण दलका सदस्य समेत रहेका पूर्वसेनानी आदित्य कार्की भन्छन्, 'त्यसबेलाबाटै सेना हिमाल सरसफाइमा जोडिएको भए पनि सन् २०१९ पछि औपचारिक रुपमै सरसफाइ अभियान सुरु भएको थियो ।'

नेपाली सेना निकुञ्जको सुरक्षामा पहिल्यैदेखि जोडिएको थियो । त्यस्तोमा हिमालहरू राष्ट्रिय निकुञ्जभित्रै भएको र पर्यावरण संरक्षण सिंगो राज्यको दायित्व भन्दै सेनाले सगरमाथा सरसफाइ अभियान चलाउँदै आएको थियो । 'हिमाल आरोहणको जुनसुकै कार्यक्रम हुँदा सांकेतिक रूपमा फोहोर ल्याउने काम गरिरहेका थियौं,' कार्की थप्छन्, 'त्यसपछि हिमाल भनेको कुनै पर्वतारोहण शाखाको, कुनै मन्त्रालयको मात्र होइन, समग्र नेपालकै हो भन्ने सोचेर सेनाको नेतृत्वमा यो अभियान चलाइएको हो ।' वातावरण विभागमा पनि हिमाल सरसफाइका लागि भनेर बजेट छुट्टिने तर, जनशक्ति लगायतका कारणले काम नभएको भन्ने थाहा भएपछि सेनाले विभागसँग पनि जोडिएर औपचारिक रुपमै सबै निकायको अभियानका रूपमा अघि बढाएको उनी सम्झन्छन् ।

**कति छ सगरमाथामा फोहोर ?**

नेपालमा सन् १९८२ देखि २०२४ सम्ममा २२०८ देखि २७६० टनसम्म फोहोर थुप्रिएको पर्यटन मन्त्रालयको अनुमानित तथ्यांक छ । नेपाली शेर्पा तेञ्जिङ नोर्गे र एड्मन्ड हिलारीले २९ मे १९५३ मा पहिलो पटक सगरमाथाको आरोहण गरेका थिए । र, आरोहणको सुरुवातदेखिकै फोहोर त्यहाँ हुनसक्ने जानकारहरू बताउँछन् ।

नेपाली सेनाको अगुवाइमा भएको सगरमाथा सरसफाइ अभियानलाई आधार बनाउँदा सन् २०१९ देखि २०२४ सम्ममा ९ वटा मृत शरीरसहित ११६.८६ टन फोहोर संकलन गरेर ल्याउँदा ४३ करोड ९७ लाख ७१ हजार रुपैयाँ खर्च भएको छ । अहिलेको विवरण अनुसार, १७६० देखि २४०० टनसम्म फोहोर उठ्न बाँकी छ । र, पछिल्लो समय सरसफाइमा भएको खर्चलाई आधार बनाउने हो भने सरसफाइका लागि मात्र कम्तीमा १७६० टन सरसफाइका लागि ६ अर्ब ६२ करोड ३४ लाख ५३ हजार ९६५ रुपैयाँ लाग्ने दखिन्छ ।

यो हिसाबमा अहिलेकै गतिमा काम गर्दा यो फोहोर संकलन गर्न ९० वर्ष लाग्न सक्ने देखिन्छ । हिमालमा ३०० देखि ४०० मृत शरीर अनुमान गरिएकोमा त्यसलाई फिर्ता ल्याउन ३० देखि ४० करोड रुपैयाँ खर्च लाग्ने सरकारी तथ्यांक छ । यस्तोमा एकैपटक हिमाल सरसफाइ गर्न नसकिएपछि वर्षेनि विभिन्न निकायसँग मिलेर सेनाले फोहोर संकलन गर्दै आएको थियो ।

सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालय स्रोतका अनुसार, सन् २०१९ पछि सरसफाइका लागि नियमित बजेट छुट्टिँदै आएको थियो । कोभिड महामारीका कारण सरसफाइ अभियान रोकिँदा समेत बजेट छुट्टिएको थियो । 'यसपालि बजेट नै नछुट्टिएकाले अभियान स्थगित गर्नुपऱ्यो', एक सैनिक अधिकृतले भने ।

आरोही बाबर अली भने सफाइ अभियान मात्र नभइ, हिमालबारे नेपालले कठोर निर्णय समेत लिनुपर्ने पनि हुनसक्ने बताउँछन् । उनी सुझाव दिन्छन्, 'सगरमाथामा यति धेरै आरोही भए कि निश्चित समय आरोहण बन्द गरेर सरसफाइमा ध्यान दिनेबारे पनि नेपालले सोच्नुपर्ने हुनसक्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'कर्मा'बाट सुशान्तको पार्श्व गायनमा डेब्यु



काठमाडौं/गायक सुशान्त केसीले फिल्म 'कर्मा'बाट पार्श्व गायनमा डेब्यु गरेका छन् । उनले फिल्मका लागि 'पागल पागल जस्तै' बोलको गीत गाएका हुन् । यसमा उनी स्वयंको शब्द रचना तथा संगीत छ । गीत रेकर्ड भएर भिडियो समेत छायांकन भइसकेको छ । भिडियोमा उनी आफैं देखिएका छन् । अघिल्लो हप्ता उनको भागको छायांकन गरिएको निर्देशक सौरभ चौधरीले जानकारी दिए ।

उनले संचारकर्मीसँग भने, 'सुशान्तजीसँग चार महिनाअघि मेरो भेट भएको थियो । त्यसबेला मैले उहाँलाई फिल्मका लागि एक गीत तयार गरिदिन आग्रह गरेको थिएँ । उहाँले मेरो अघिल्लो फिल्म 'अगस्त्य' हेर्नुभएको रहेछ । यसैले गीत तयार गरिदिनुभयो । र, भिडियोका लागि पनि सहर्ष मानिदिनुभयो ।' उनका अनुसार फिल्ममा सुशान्त गीतको भिडियोमा मात्र देखिनेछन् ।

सुशान्तको भाग मात्र बाँकी रहेर गीतको भिडियो दाङमा खिचिएको थियो । जसमा फिल्मका मुख्य अभिनेता विपिन कार्की र अभिनेत्री उपासना सिंह ठकुरीलाई देख्न सकिनेछ । यही शनिबार गीत सार्वजनिक गरिने निर्देशक चौधरीले बताए । सुशान्तको गीतले फिल्मको हाइप निर्माणमा ठूलो भूमिका खेल्ने उनको विश्वास छ ।

सबै कुरा ठीक हुन्थ्यो भने सुशान्तको 'एक्टर: टेक वान'बाट पार्श्व गायनमा डेब्यु हुने थियो । यही फिल्मका लागि उनले 'बार्दली' गीत तयार पारेका थिए । तर, तिहारबाट फिल्म पोस्टपोन्ड भएपछि सुशान्तले आफ्नै लगानीमा भिडियो बनाएर गीत सार्वजनिक गरेका थिए । अहिले यो गीत चर्चामा छ । सुशान्तको 'झ्यालबाट', 'रिसाउने भए' जस्ता गीत निकै चर्चित छन् ।

निर्देशक चौधरी स्वयंको लेखन रहेको 'कर्मा'मा विपिन र उपासनासहित मुकुन भुसाल, सरिता गिरी, बेन बस्नेत, दिव्य देव पन्त, सुज्यान सिलवाल, अनिल बुढाथोकी लगायतको अभिनय छ । वसन्त लम्सालको लगानी रहेको फिल्ममा सञ्जय लामाको छायांकन, श्री श्रेष्ठको द्वन्द्व तथा निमेष श्रेष्ठको सम्पादन छ । यो फिल्म नयाँ वर्ष २०८२ को छेको पारेर चैत २९ गतेदेखि प्रदर्शनमा आउँदैछ ।

# रमेशको 'बिगुल' गर्दै नरेन




काठमाडौं/सामाजिक कथावस्तुमा निर्माण हुन लागेको फिल्म 'बिगुल'मा अभिनेता नरेन खड्का मुख्य भूमिकामा देखिने भएका छन् । उनीसँग निर्माताले यसै साता लिखित सम्झौता गरेका हुन् । उनी पछिल्लो पटक फिल्म 'बुलाकी'मा देखिएका थिए । उनले मुख्य अभिनेताको रुपमा डेब्यु गरेको फिल्म भने 'हमेशा' हो । यसपछि उनले एक दर्जन बढी फिल्ममा काम गरिसकेका छन् ।

अन्यायविरुद्धको आवाज भनिएको 'बिगुल'मा नरेनबाहेक अरु कलाकार निश्चित भएका छैनन् । उनको अपोजिटका लागि निर्माण टिमले केही नाम चलेका अभिनेत्रीसँग कुरा गरिरहेको जानकारी प्राप्त छ । आगामी बैशाख १ गते मुहूर्त गरेर फिल्मको छायांकन सुरु गर्ने तयारी गरिएको छ ।

'बिगुल'लाई रमेश कोइरालाले निर्देशन गर्नेछन् । यसअघि उनले 'लीला' र 'नीरमाया' फिल्मको निर्देशन गरिसकेका छन् । मौनता श्रेष्ठको लेखन रहेको फिल्ममा कल्पना पौडेल प्रस्तुतकर्ताको रुपमा छिन् । एमजीपीको ब्यानरमा निर्माण हुन लागेको फिल्मलाई शिव ढकालले छायांकन गर्नेछन् । 'बिगुल'को अर्थ संकेत दिनका लागि फुकेर बजाइने बाजा भन्ने हुन्छ ।

# आनीको बहुचर्चित गीत 'फूलको आँखामा' हिन्दीमा, गुलजारले गरे अनुवाद



काठमाडौं/आनीछोइङ डोल्माको बहुचर्चित गीत 'फूलको आँखामा फूलै संसार' अब हिन्दी भाषामा पनि बन्ने भएको छ । यो गीतलाई प्रसिद्ध भारतीय गीतकार गुलजारले हिन्दीमा अनुवाद गरेका छन् ।

संचारकर्मीसँग कुरा गर्दै आनीले चाँडै यो गीतको रेकर्ड हिन्दीमा हुने बताइन् । गीतको नेपाली संस्करणमा चाहिँ दुर्गालाल श्रेष्ठको शब्द, न्यूह बज्राचार्यको संगीत, गोपाल रसाइलीको एरेन्ज र आनीको स्वर छ ।

हिन्दीमा आनीले गाउने भएपनि संगीत कम्पोज कसले गर्ने भन्ने निधो भैसकेको छैन । 'न्यूहजीकै संगीतमा कम्पोज गर्ने कि नयाँ कम्पोजर लिने भन्ने कुरा निधो भैसकेको छैन' आनीले भनिन् ।

उनले हिन्दी संस्करणको गीत चाँडै रेकर्ड हुने बताइन् । मुम्बईमा आयोजित कन्सर्टमा आनीको भेट गुलजारसँग भएको थियो । कोभिडको त्यो समयमा आनीले गुलजारलाई गीत दिएकी थिइन् । पछिल्लोपटक मुम्बईमा जाँदा गुलजारसँग आनी र फिल्ममेकर मीनबहादुर भाम लगायतको भेट भएको थियो ।

'यो गीतले जसरी लोकप्रियता कमायो । एकदमै सरल र सबैले बुझ्ने भाषामा गीतकारले मिठास भरेर लेखिदिनुभयो । नेपाली नबुझ्नेले पनि गीतलाई मन पराउनुभएको छ' आनीले संचारकर्मीसँग भनिन्, 'नेपालीभाषीले गीत बुझेर आनन्द लिनुभयो । भारत हाम्रो छिमेकी राष्ट्र हो । जनसंख्या ठूलो छ । जसरी नेपालीभाषीले बुझेर आनन्द लिनुभयो । छिमेकीले पनि बुझेर आनन्द लिऊन् भन्ने मेरो उद्देश्य हो ।'

गुल्जारको लेखनले गीतलाई न्याय हुने आशासहित आफूले अनुवादको जिम्मा दिएको आनीको भनाइ छ । 'गीतको भाव र गहनतालाई हल्कारुपमा लिनु हुँदैन । गुलजार साबको जुन लेखन छ, उहाँको कलमले कोरिदिनुभयो भने न्याय होला भनेर लेख्न दिएकी हुँ' उनले भनिन् ।

'फूलको आँखामा..' गीत सन् २००४ मा रिलिज भएको आनीको एल्बम 'मोमेन्ट्स अफ ब्लिस'मा संग्रहित छ । डिजिटल रिलिज भने मे २३, २०२० मा भएको थियो ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# अर्थतन्त्रमा सुधारको संकेत : दोस्रो त्रैमासमा ५.१ प्रतिशत आर्थिक वृद्धि




काठमाडौं/अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासिक अवधि (साउन-पुस) को राष्ट्रिय लेखा अनुमान सार्वजनिक गरेको छ । जस अनुसार यस त्रैमासमा ५.१ प्रतिशतले आर्थिक वृद्धिदर प्राप्त हुने अनुमान छ ।

यो त्रैमासिक कुल गार्हस्थ उत्पादन (जीडीपी) को आधारभूत मूल्यमा गत आव २०८०/८१ को दोस्रो त्रैमासिकको तुलनामा चालु आवमा भएको विस्तारको अनुमान हो । कार्यालयका अनुसार यातायात क्षेत्रमा भएको वृद्धि, निर्माण क्षेत्रमा विस्तार, कृषि उत्पादन वृद्धि, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धि र वित्तीय मध्यस्थताको कुल मूल्य अभिवृद्धिमा भएको वृद्धिले अर्थतन्त्रलाई धनात्मक बनाउन भूमिका खेलेको हो ।

यस त्रैमासमा अर्थतन्त्रका सबै क्षेत्र धनात्मक छन् । पहिलो त्रैमासमा निर्माण र औद्योगिक क्षेत्र ऋणात्मक रहेकोमा त्यसमा समेत सुधार देखिएको कार्यालयको तथ्यांक छ । कार्यालयले अर्थतन्त्रका १८ वटा क्षेत्रलाई आर्थिक वृद्धिदरको अनुमानमा समेट्ने गर्छ । यस अवधिमा शिक्षा, आवास तथा भोजन क्षेत्र र अन्य सेवा क्षेत्रमा भने उल्लेख्य वृद्धि छैन ।

उता, त्रैमासिक हिसाबले यस त्रैमास (कात्तिक-पुस) मा पहिलो त्रैमास (साउन-असोज) को तुलनामा अर्थतन्त्र २.२ प्रतिशतले विस्तार हुने देखिएको छ । चालु आर्थिक वर्ष सरकारले ६ प्रतिशत माथिको आर्थिक वृद्धि हुने अनुमान गरेको छ ।

पछिल्ला महिना आयात तथा निर्यातमा भएको वृद्धि, पर्यटक आगमनमा सुधार सहित तथ्यांकले अर्थतन्त्र विस्तार भइरहेको संकेत गरेको छ ।

**अर्थतन्त्रको कुन क्षेत्र भए विस्तार ?**

अर्थतन्त्रका १८ क्षेत्रमध्ये सबैभन्दा धेरै वृद्धिदर यातायात तथा भण्डारण क्षेत्रको छ । जसको वृद्धिदर १४.२ प्रतिशत छ । खानी तथा उत्खनन क्षेत्र ९.५ प्रतिशत सहित दोस्रो स्थानमा छ । विद्युत् तथा ग्यास ९.२ प्रतिशतले विस्तार भएको छ ।

निर्माणले यस त्रैमासमा छलाङ लिएको देखिएको छ । यो क्षेत्रको वृद्धिदर ९.१ प्रतिशत छ । यसअघि यो क्षेत्र ऋणात्मक थियो । निर्माण सामग्री आयात तथा घरेलु उत्पादन वृद्धिले निर्माण क्षेत्रको वृद्धिदर बढेको अनुमान छ ।

उत्पादनमूलक क्षेत्रको ७.४ प्रतिशत, निक्षेप तथा कर्जामा भएको वृद्धिले वित्तीय तथा बीमा क्षेत्रको वृद्धिदर ६.६ प्रतिशत रहने अनुमान छ । व्यापारको ६.१ प्रतिशत र सूचना तथा प्रविधिमा ४.९ प्रतिशत वृद्धि हुने अनुमान छ । अर्थतन्त्रमा सबैभन्दा बढी योगदान गरेको कृषि क्षेत्रको भने ३.२ प्रतिशत मात्र वृद्धिदर रहने भएको छ ।

यस्तै धान उत्पादन वृद्धि, तरकारी, अमिलो जातको फलफूल तथा हिउँदे फलफूल र पशुपन्छीजन्य उत्पादनमा भएको वृद्धिले यो क्षेत्र समेत धनात्मक रहेको कार्यालयको भनाइ छ । अर्थतन्त्रको दोस्रो ठूलो क्षेत्र थोक तथा खुद्रा व्यापार क्षेत्रको दोस्रो चौमासिकमा कृषि तथा व्यापार जन्य वस्तुको स्वदेशी उत्पादनमा भएको वृद्धि र प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको वृद्धिले व्यापार क्षेत्र विस्तार भएको कार्यालयले जनाएको छ ।

औद्योगिक वस्तुको उत्पादनमा क्रमिक सुधार आउँदा यो क्षेत्रले समेत गति लिएको देखिएको छ । दोस्रो त्रैमासमा सार्वजनिक प्रशासन तथा रक्षा २.२ प्रतिशत, स्वास्थ्यमा ३.१ प्रतिशत, घरजग्गा कारोबारमा ३.१ प्रतिशतको विस्तार देखिएको छ । उता, पहिलो र दोस्रो त्रैमासको तुलना गर्दा विद्युत् तथा ग्यासको वृद्धिदर सबैभन्दा बढी ४.८ प्रतिशतले खुम्चिएको छ । आवास तथा भोजन २.७ प्रतिशतले ऋणात्मक देखिन्छ । त्यसभन्दा बाहेक भने धनात्मक छन् । सबैभन्दा धेरै ६.४ प्रतिशतले यातायात तथा भण्डार क्षेत्र विस्तार भएको देखिएको छ ।

**के हो आर्थिक वृद्धिदर ?**

कुनै अर्थतन्त्रभित्र निश्चित समयावधिमा सञ्चालित आर्थिक क्रियाकलापबाट मूल्य अभिवृद्धि भई नयाँ उत्पादन भएका वस्तु तथा सेवाको स्थिर मूल्यमा अघिल्लो अवधिको तुलनामा भएको प्रतिशत परिवर्तन आर्थिक वृद्धि हो । अघिल्लो अवधिको तुलनामा राष्ट्रको स्थिर मूल्यको कुल गार्हस्थ उत्पादन (रियल जीडीपी) मा हुने परिवर्तन हो ।

*(स्रोत: अनलाइनखबर)*

# निरिह सवारी कारबाहीमा, यमराजको सवारीलाई उन्मुक्ति



सञ्जीव सुनार

हेटौंडा, १३ चैत/ पूर्वपश्चिम राजमार्ग, हजारौँ सवारीको लाम । त्यही लाममा मोटर साइलमा सवार थिए, नाम परिवर्तन उर्गेनदोर्जे लामा । मनहरीबाट हेटौंडा आउँदै गरेका लामालाई लेवटको मेडमा आएपछि प्रहरीले हात दिदै सिठ्ठी फुक्छन् ।

बाइक नरोक्ला, भाग्लाकी भनेर अर्का प्रहरी रोक्नुस् रोक्नुस् भन्दै झम्टिए जस्तो गर्छन् । ती प्रहरी मोटरसाइकल चालक नजिकै आएर २ जना चड्ने मोटरसाइकलमा तीनजना ? भन्दै अगाडि ट्राफिक प्रहरीलाई देखाउन आग्रह गर्छन् । लामासँग मोटरसाइकलको विलबुक र लाइसेन्स लिन्छन् । हातमा जरिवानाको चिट थमाइदिन्छन् । लाइसेन्स लिनुस् जरिवान तिरेर जिल्ला ट्राफिक कार्यालयमा विलबुक लिनु होला ? ट्राफिक नियम उलंघन गर्नेजति सवारी चालक लामा जस्तै जरिवानको अर्धकट्टी लिएर गन्तब्यतिर जान्छन् ।

हुटभन्दामाथि चुनढुंगाको चुलि बनाएको टिपर सडकको किनारमा लाइन लगाएर रोकिन्छन् । ट्राफिक प्रहरीलाई चिट काट्ने आट आउँदैन । केही समयपछि सम्झाईबुझाई गरेर छाडिन्छिन् । यो दृश्य कान्तिलोकपथअन्तर्गत शिखरकटेरीमा पनि देखियो । राजमार्गमा गुड्ने टिपरमा मनोबैज्ञानिक डर देखाउनका लागि 'यमराजको सवारी' भनेर लेखिएको छन् । तर, तीनै यमराजका सवारीले सहरी क्षेत्रको भीडभाडमा होस् वा राजमार्गमा आतंकित नै गरिरहेको छ ।

एकजना टिपर चालकका अनुसार १७ टन भारबहन क्षमताको टिपरले ३०/३५ मेट्रिकटन चुनढुंगा बोक्छ । १० टन क्षमता भएकोले टिपरले २० टन बोकेर दौडिरहेको छ । राजमार्गमा सबैभन्दा बढी अराजकता टिपरकै कारण सृजना भएको छ । 'किन ओभरलोड नझारेको ? कारवाही हुन्न ओभर लोड बोक्दा ?' भन्ने संचारकर्मीको प्रश्नमा ट्राफिक प्रहरीको जवाफ अलिक सीधै आउँछ । 'माथिको आदेश छ, सम्झाईबुझाई गरेर छाड्नु,' भन्दै डिउटीमा खटिएका ट्राफिक प्रहरी थप्छन्-'अहिलेको सिडिओ साव धेरै कडा हुनुहुन्छ ।'

कारवाही चाहिँ कहिले हुन्छ ? 'माथिबाट आदेश आएपछि मात्रै, हामीलाई अहिले आदेश छैन, ट्राफिक प्रहरीले भने' आफ्नो खुट्टामा आफैं बञ्चरो कसले हान्छ ? कार बाही गर्न ट्राफिकले खुट्टा कमाएको स्पष्ट देखिन्छ । टिपर चालकको गुनासो अर्कै छ । उनीहरु भन्छन्- 'अप्ठ्यारो बाटोमा ज्यान जोखिममा राखेर अधिकभार बोक्नु रहर होइन बाध्यता हो,' । कम्पनीको आदेशअनुसार नै खानी क्षेत्रबाट टिपरमा चुनढुँगा लोड हुने गरेको छ । टिपरमा कति भारी छ भन्ने विषयमा लोड गरेर हिन्ने समयमा थाहा हुँदैन ।

गन्तब्यमा पुगेर खाली गर्ने समयमा मात्र काँटा गरिने चालकहरु बताउँछन् । ढुंगा जति लोड गरिदिन्छ त्यति ल्याउने हो, ट्राफिकले प्राय: रोक्दैन एक टिपर चालकले भने, रोकिहाल्यो भने कम्पनीको मान्छेले कुरा मिलाउँछन्, चिट काट्दैन ढुंगा झार्दैन । ती कम्पनीहरु शक्तिकेन्द्रको आडमा संचालित हुन् ।

सयौँको संख्यामा रहेका ती टिपरहरु सांसददेखि ठुला निर्माण व्यवसायीको हो । उनीहरुसँग नियामक निकायका व्यक्तिहरुको आर्थिक मिलोपतो भएकै कारण टिपर मालिकको मनमौजी हुनु स्वाभाविक भएको जानकारहरुको आरोप छ । होइन भने टिपरलाई मात्रै कारवाही गर्न किन खुट्टा कमाउछन् ? उनीहरु प्रश्न गर्छन् ।

यो विषयमा मकवानपुरका ट्राफिक प्रहरी प्रमुख केशव अधिकारी बोल्नै चाहेनन् । मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रपूसाद कँडेलसँग प्रतिक्रिया लिन खोज्दा आफूहरु जिल्लामा नयाँ भएकै कारण यो विषयमा बुझ्ने काम भइरहेको बताउँछन् । सहायक प्रजिअ कँडेलले कारवाही गर्न प्रशासनले आदेश नदिएको स्वीकार गरे । एक चोटीलाई सम्झाएर छाड्न आदेश दिएको उनले बताए ।

तर, अर्को पटकदेखि कानुनी प्रक्रिया अनुसार एक्सनमा उत्रिन भनेको उनले बताए । 'हामी सिडिओ साब र म आएको एक ढेड महिना भयो, नयाँ नै छौं, कार्यक्रममा ब्यस्त छौं' सहायक प्रजिअ कँडेलले भने-'एसइईको अनुगमनमा पनि जानुपर्छ, ट्राफिक प्रहरीबाट के-के भइरहेको छ, हामीले अनुगमन गर्न पाएको छैन ।'

ओभरलोड धारी टिपर सडकमा चुनढुंगा झार्दै सडकलाई असुरक्षित बनाउँदै हिडिरहेको छ । ट्राफिक कारवाही गर्न डराउने पुरानै समस्या हो । मकवानपुरे जनताको सुरक्षाको जिम्ममा लिएको प्रहरी प्रशासन मौन बस्ने । कतै टिपर व्यवसायीसँग लाभको सम्बन्ध त छैन ? भन्ने आरोप आम सर्वसाधारणले लगाइरहेका छन् ।

# कार्यसम्पादन प्रभावकारी बनाउन मन्त्री श्रेष्ठको निर्देशन



साझाकुरा संवाददाता

हेटौंडा, १३ चैत/ बागमती प्रदेशका कृषि तथा पशुपन्क्षी विकास मन्त्री प्रकाश श्रेष्ठले कृषि क्षेत्रको समग्र विकास उपलब्धिमूलक नरहेको बताएका छन् ।

बुधबार कृषि विकास निर्देशनालय हेटौंडामा आयोजित अर्धवार्षिक समीक्षामा मन्त्री श्रेष्ठले कृषिक्षेत्रको विकास व्यावसायिक प्रवर्द्धनका साथै रोजगारसँग जोडिएर उत्पादनलाई वृद्धि गर्ने र निर्यातलाई व्यावसायिकरुपमा प्रवर्द्धन गर्ने अपेक्षा सन्तोषजनक नदेखिएको बताएका छन् । सूचना प्रकाशित भएका र सम्झौता भएर कार्यान्वयन गर्न बाँकी कार्यक्रमलाई योजनाबद्ध ढंगले सम्पादन गर्नुपर्ने देखिएको उनले बताए ।

चालू आर्थिक वर्षको अन्त्यसम्ममा कार्यसम्पादनलाई प्रभावकारी ढगंले अगाडि बढाउन समेत मन्त्री श्रेष्ठले सरोकार पक्षलाई निर्देशन दिए । 'आगामी आर्थिक वर्षबाट बजेट कार्यान्वयनदेखि लिएर लक्षित वर्गसम्म कृषि मन्त्रालयको सेवाप्रवाहलाई व्यवस्थापन गर्नेछौं । पूँजीगत खर्चको सीमा बढाउदै, चालू बजेटलाई व्यवस्थित रुपमा खर्च गर्ने संरचनामा असमानता आएको देखिएको छ' उनले भने ।

आगामी आर्थिक वर्षममा प्रदेशमा थप ४ वटा कृषि कार्यालय र २ वटा पशूसेवा कार्यालयको संरचना थप्ने योजना रहेको उनले बताए । उनले 'किसान वर्गीकरण, किसानलाई परिचयपत्र वितरण र उत्पादनमा आधारित कृषि अनुदानको व्यवस्था गर्नुपर्ने नीति चाँडै ल्याउन आवश्यक रहेको' बताएका छन् । बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अर्न्तरगतको कृषि विकास निर्देशनालयको आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक समीक्षा निर्देशनालयका निर्देशक सुधीर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको हो ।

कार्यालयको वित्तीय प्रगति १५ दशमलब ५ प्रतिशत मात्र रहेको छ । कार्यालयले यो अवधिमा कृषि ज्ञानरत्न प्रवर्द्धन कार्यक्रम, कृषिक्षेत्रमा नवप्रपर्वतन कार्यक्रम, समूदायमा आधारित एक वडा एक कृषिउत्पादन कार्यक्रम, विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिँचाई सहयोग कार्यक्रम, कलमी चिउरी बगैँचा स्थापना कार्यक्रम, एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र एक प्रांगारिक मल कारखाना स्थापना लगायतका कार्यक्रमहरु संचालन गरेको छ ।

यद्यपी लक्ष्यअनुरुप कार्यक्रमहरु न्युनरुपमा कार्यान्वयन भएको निर्देशनालयले प्रस्तुत गरेको तथ्याकंले देखाएको छ । समीक्षा कार्यक्रममा निर्देशनालय मातहतका पशुपन्छी तथा मत्स्य विकास निर्देशनाल, कृषि तालिम केन्द्र भण्डारा, प्रदेश दुग्ध विकास बोर्ड, प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र लगायतका कार्यालयले प्रस्तुतीकरण राखेका थिए ।

# मोटरसाइकल दुर्घटनामा...

यस्तै, मनहरी गाउँपालिका-६ नयाँ बस्तीअन्तर्गत पूर्वपश्चिम सडक खण्डमा ट्यांकर र ट्रक एकआपसमा ठक्कर खाई मंगलबार दुर्घटना हुँदा दुवै सवारीसाधनका चालक र सहचालक गरी चारजना घाइते भएका छन् ।

हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना.४ख ८३७८ नम्बरको कालो मोबिल बोकेको लोड ट्यांकर र विपरीत दिशाबाट आउँदै गरेको बा.प्र.०३-००१ ख ३२३७ नम्बरको माटो बोकेको लोड ट्रक एकआपसमा ठक्कर खाई दुर्घटना भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा घाइते भएका ट्रक चालक पर्सा जिल्ला परवानिपुर-३ बस्ने वर्ष २५ का राजुकुमार साह र सहचालक वर्ष २६ का राकेशकुमार कुसवाहको मनहरी अस्पतालमा उपचार भएको छ ।

यस्तै, ट्यांकर चालक भरतपुर महानगरपालिका-२ क्षेत्रपुर बस्ने वर्ष २७ का महेश पाण्डे र सहचालक पर्सा जिल्ला बहुदरमाई गाउँपालिका-७ बस्ने वर्ष १८ का गोबिन्द पटेललाई उपचारका लागि चितवन मेडिकल कलेज चितवनमा पठाइएको प्रहरीको भनाइ छ ।

# बस दुर्घटना हुँदा ४ जनाको मृत्यु

काठमाडौं, १३ चैत/ अर्घाखाँचीमा बस दुर्घटना हुँदा ४ जनाको मृत्यु भएको छ । बुधबार अर्घाखाँचीको सुपादेउरालीको दर्शन गरेर फर्किंदै गरेको लु २ ख ३०३ नम्बरको बस शितगंगा नगरपालिका २ भुवनपाटास्थित गोरूसिंगे सन्धिखर्क सडकखण्डमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका इन्स्पेक्टर विष्णुप्रसाद पौडेलले जानकारी दिए ।

उनले भने, 'साँझ पौने ६ बजेतिर सुपादेउरालीको दर्शन गरेर फर्किंदै थियो। एक्कासी दुर्घटना भयो। चार जनाको उपचारको क्रममा मृत्यु भयो ।' उनका अनुसार मृत्यु हुने तीन जना महिला र एकजना पुरूष रहेका छन् । उनीहरुको पहिचान खुल्न बाँकी छ । यस्तै दुर्घटनामा परी २७ जना घाइते भएका छन् . उनीहरूलाई बुटवलमा उपचारका लागि लगिएको उनले बताए ।

## श्री हिमशिखर बचत तथा ऋण सहकारी संस्था लि.

थाहा-७, डाँडाबास, मकवानपुर

## कर्जा भुक्तानी गर्न ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/१२/१४

यस सहकारी संस्थाबाट तपसिलका ऋणीलाई तपसिलमा उल्लेख भएबमोजिमको कर्जा सम्झौताका शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने सांवा व्याज रकम संस्थाले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिँदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस दिन) भित्र सम्पूर्ण ऋण रकम (सांवा, व्याज र हजन आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा कर्जा सम्बधि सम्झौताका शर्त, लिखित तथा प्रचलित नेपालको कानूनबमोजिम कर्जा असुल्ने क्रममा तपाईले धितो बन्धक स्वरुप यस संस्थामा सुरक्षण राखिदिएको तपसिल बमोजिमको सम्पत्ति बेच विखन गरी कर्जा रकम असूल उपर गरी लिइनेछ । सोबाट समेत असूलउपर हुनु पर्ने सम्पूर्ण रकम असुलउपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाई ऋणीको अन्य चलअचल सम्पत्ति, जायजेथ समेतबाट संस्थाले आफ्नो लेना रकम असुल उपर गरि लिनेछ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिईनेछ । तपाई ऋणीबाट सम्पूर्ण रकम असुलउपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । अन्यथा सोही अनुसार भै जाने व्यहोरा समेत सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ

तपशिल

| क्र.सं | ऋणीको तिनपुस्ते विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १. | **नाम** : विर बहादुर स्याङ्तान<br>बाबुको नाम: लाल बहादुर स्याङ्तान<br>बाजेको नाम: कालु स्याङ्तान<br>ना.प्र.प.नं. : ५१/३३७२२<br>जारी मिति : २०६३/०१/१८<br>**व्यक्तिगत साक्षी, मञ्जुरी दिने**<br>नाम : शीला स्याङ्तान (श्रीमती)<br>बाबुको नाम: चन्द्र बहादुर थिङ<br>बाजेको नाम: रत्नमान गोपाली<br>ना.प्र.प.नं. : ३१३०३८/४७<br>जारी मिति: २०७०/०२/२२ |  | विर बहादुर स्याङ्तानको नाममा मालपोत कार्यालय शिखरकोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगने गा.वि.स. वडा नं. ७ हाल कैलाश गा.पा. वडा नं. ६ स्थित कि.नं. ५३१ को ७-०-०-० |
| २ | **नाम** : सृजना थिङ<br>बाबुको नाम : केदार थिङ<br>बाजेको नाम : शेर बहादुर थिङ<br>ना.प्र.प.नं. : ३१३०३९/५९८<br>जारी मिति : २०६३/१०/१७<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम : सुरेन्द्र स्याङ्तान (श्रीमान)<br>बाबुको नाम: लाल बहादुर स्याङ्तान<br>बाजेको नाम:<br>ना.प्र.प.नं. : ३१३०३९/६७<br>जारी मिति: २०६३/१०/१७ |  | सृजना थिङको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला डाडाखर्क गा.वि.स. वडा नं. ३ हाल कैलाश गा.पा. वडा नं. १ स्थित कि.नं. २१ को ८-१०-१-३ |
| ३ | **नाम** : श्रीमान गोले<br>बाबुको नाम : बहादुर सिं गोले<br>बाजेको नाम : जमान गोले<br>ना.प्र.प.नं. : १६३०/९८२<br>जारी मिति : २०४४/०१/३१<br>**व्यक्तिगत मञ्जुरी दिने**<br>नाम : ठाकुर गोले (छोरा)<br>बाबुको नाम : श्रीमान गाले<br>बाजेको नाम : बहादुर सिं गोले | | श्रीमान गोलेको नाममा मालपोत कार्यालय शिखर कोटमा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगाने गा.वि.स. वडा नं. ८ हाल कैलाश गा.पा. वडा नं. ६ स्थित कि.नं. ४४५३ र १४४ को ०-५-१-१, १-१३-१-० र १५-९-०-२ |
| ४ | **नाम** : हिरा लाल मुक्तान<br>बाबुको नाम : पूर्ण बहादुर मुक्तान<br>बाजेको नाम : राम बहादुर मुक्तान<br>ना.प्र.प.नं. : ३६/१२७<br>जारी मिति : २०५५/१०/१२ | | हिरा लाल मुक्तानको नाममा मालपोत कार्यालय हेटौंडामा दर्ता लगतमा श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला गोगाने गा.वि.स. वडा नं. १ हाल कैलाश गा.पा. वडा नं. ५ स्थित कि.नं. १६९, १७१ र १७५ को ४-१४-१-१, ६-२-३-१५ र १-६-१-१ |

हेटौंडा उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

## नवउद्यमी बुटक्याम्प/बिजनेश इन्क्युबेशन कार्यक्रममा सहभागिताको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।१२।१४)

चालु आ.व. २०८१।०८२ को लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रबाट स्थानीय तहमार्फत कार्यान्वयन गरिने कार्यक्रम उद्योग संघ मकवानपुरबाट हेटौंडा औद्योगिक क्षेत्रमा सञ्चालित बिजनेस इन्क्युबेशन सेन्टरको सञ्चालनका लागि अनुदान शीर्षकमा प्राप्त रकमबाट उद्योग संघ मकवानपुरको लागत साझेदारीमा सञ्चालन हुने Business Incubation Center मा स्टार्ट अप उद्योग/व्यवसायलाई प्रवर्द्धन गर्ने तथा नयाँ उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक युवा वर्गको व्यवसायिक रुची र क्षमता पहिचान गरी आवश्यक सहजीकरण गरिने यस कार्यक्रममा सहभागी हुन चाहने स्टार्ट अप उद्यमीहरु तथा उद्यमशीलता भएका विद्यार्थीहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको् मितिले १५ दिनभित्र आवश्यक कागजपत्रहरु सहित तपसिलमा उल्लेखित लिङ्क/QR बाट आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. आवश्यक कागजपत्रहरु :
नेपाली नागरिकताको प्रतिलिपी
उद्योग/व्यवसाय दर्ता नभएकाको हकमा शैक्षिक संस्थाको सिफारिश
२. आवेदन दिने अन्तिम मिति : २०८१।१२।२८
३. Link : https://docs.google.com/forms/d/1KIuWNtkefxdq6A53-78SXmJFo-aUJFDqS77y0KoZ-7E/preview

SCAN ME

(विस्तृत जानकारीको लागि)

## उद्योग संघ मकवानपुर

हेटौंडा औद्योगिक क्षेत्र
e mail : aimakawanpur@gmail.com,
मोबाइल नं ९८५५०३५४१४, ९८४५२८६९०२ (WhatsApp)

(**पुनश्च:** रितपूर्वक पेश हुन आएका आवेदनहरु स्थानीय तहमार्फत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०८१ को दफा १०८(३) वमोजिम स्वीकृत मापदण्डको आधारमा छनौट गरी छनौट भएका नवउद्यमीहरुलाई विषय विज्ञहरुको संलग्नतामा उद्यम व्यवसाय सम्बन्धी Boot Camp, आवश्यक तालिम, मेन्टरिङ्ग, बजार विश्लेषण, लेबलिङ्ग, ब्राण्डिङ्ग, वित्तीय तथा कानूनी परामर्श तगायतका क्षेत्रमा सहजीकरण गरिनेछ । इन्क्यूबेशनको अन्तिम चरणमा उत्कृष्ट तीन वटा उद्यम व्यवसाय प्रवर्द्धनको लागि रु. ३,००,०००। बीउ पूँजीको व्यवस्था गरिएको छ ।)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## पशु सेवा कार्यालय

हेटौंडा, मकवानपुर

## प्रस्ताव आह्वानको सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१४

पशु सेवा कार्यालय, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत देहायको कार्यक्रममा सहभागी हुन इच्छुक एवं मापदण्ड पुरा गरेका मकवानपुर जिल्ला मकवानपुरगढी गाउँपालिका वडा नं ३ भित्रका आवेदकले सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८१/१२/२०) भित्र तपसिलमा उल्लेखित कागजात सहित कार्यालय समयमा यस कार्यालयमा आवेदन दर्ता गराउनुहुन जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै म्याद नाघी वा रितपुर्वक दर्ता हुन आएका आवेदनलाई कार्यक्रममा समावेश नगराईने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

| क्र.स. | कार्यक्रमको नाम | एकाई | परिमाण | बालीवस्तु | कार्यालयको कुल बजेट (रु लाख) | आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम | संख्या | १ | गाई/भैसी | ४० | कृषक समुह/सहकारी | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० | |

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**

१. तोकिएका ढाँचामा रु १०।- को हुलाक टिकट सहितको आवेदन,
२. संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र,
३. प्यान दर्ता र आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. कार्यक्रममा सहभागीता सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि
५. कार्यक्रममा सहभागीता सम्बन्धि वडाको सिफारिस
६. सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस
७. कार्यविधिमा तोकिए बमोजिमको विस्तृत कार्ययोजना र स्वघोषणा
८. सहकारी संस्थाको हकमा आ.व. २०८०/०८१ को साधारण सभासम्बन्धी कागजात
९. कार्यविधिमा तोकिए बमोजिम अन्य कागजात

(**पुनश्च:** कार्यक्रमको लगानीको ढाँचा सम्बन्धित कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेभसाइट molmac.bagamati.gov.np मा गई हेर्न जा डाउनलोड गर्न सकिनेछ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०५७-४१२८२८, ९८५५०२७७२९ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।)

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपहिशलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हक दाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI१५७०००४४१९ | मयङ्क गिरी | मनहरी-०७, मकवानपुर |
| २ | GLI०५१०००२३२८ | जिवनप्रसाद कालाखेती | हेटौंडा-०२, मकवानपुर |

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

हेटौंडाबाट छुट्ने समय
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

सिन्धुलीबाट छुट्ने समय
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

चकमकेबाट छुट्ने
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

नोट :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना